म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७२ बुधबार, १२ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 29 October 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठपर्व सम्पन्न

हेटौंडा, ११ कात्तिक/शनिबारदेखि सुरु भएको छठपर्व मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि समापन भएको छ । मंगलबार बिहानै व्रतालुहरुले छठघाट वा नजिकैको नदी र पोखरीमा पुगेर उदाउँदो सूर्यलाई अर्घ दिएका थिए । व्रतालुले सोमबार छठको मुख्य दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका थिए । उनीहरुले उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि यो वर्षको छठ समापन भएको हो । अघिल्लो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिएपछि रातभर जागा बसी आज सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पूजा आराधना गरी विधिपूर्वक अर्घ्य दिएपछि यो पर्व समापन हुन्छ ।

कात्तिक शुक्लषष्ठीका दिन निराहार व्रत बसेका व्रतालुले अस्ताउँदो सूर्यलाई पूजा आराधना गरी अर्घ्य दिएका हुन् । छठपर्वका अवसरमा तराई मधेशसँगै नदी, पोखरी तथा जलाशयका किनार सिंगारेर झकिझकाउ बनाइएको थियो । छठको मुख्य दिन सोमबार देशभर सार्वजनिक बिदा दिइएको थियो भने मधेश प्रदेशमा मंगलबार पनि सार्वजनिक बिदा दिइएको थियो ।

### फौजदारी अपराधमा संलग्नलाई कारवाही गर्न आयोगको प्रतिवेदन कुर्नु पर्दैन: अध्यक्ष कार्की

# उच्च सुरक्षाबीच सिंहदरबार जल्नुमा पनि अनुसन्धान जारी

साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ जेनजी प्रदर्शनको क्रममा भएका घटनाको बारेमा छानबीन गर्नका लागि गठित उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले फौजदारी अपराधमा संलग्न जोकोहीलाई कारवाही गर्न आयोगको प्रतिवेदन कुर्न नपर्ने बताएका छन् ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको क्षतिको अध्ययनका लागि मंगलबार मकवानपुर आइपुगेका अध्यक्ष कार्कीले प्रमाणका आधारमा प्रहरीले तुरुन्तै कानूनी कारबाही अघि बढाउन सक्ने स्पष्ट पारेका छन् ।



जिल्ला प्रशासन कार्यालय मकवानपुरमा आयोजित अन्तर क्रियामा उनले फौजदारी अपराधका घटनामा प्रमाणका आधारमा अनुसन्धान र कारबाही गर्न पाउने अधिकार संविधान र कानूनले प्रहरीलाई दिएको बताए । सर्वोचच अदालतका पूर्वन्यायाधीश कार्कीले २३ गतेको घटना जेनजी आन्दोलन भएको र २४ गतेको घटना पूर्णरुपमा फौजदारी अपराध अन्तर्गत पर्ने उल्लेख गरे ।

'२३ गतेको घटना एउटा आन्दोलनको क्रममा भयो । त्यो छुट्टै घटना हो तर, २४ गतेको घटना आगजनी, लुटपाट र डकैतीसहितको पूरै फौजदारी अपराध हो । यसमा कुनै विवाद छैन' उनले भने, 'यो घटना सबैले देखेको र आयोगले सोहीअनुसार छानबीन गरिरहेको छ । फौजदारी कसुरको अनुसन्धान गर्ने काम नेपाल प्रहरीको हो । हामीले घटनाको समग्र छानबीन गरी दोषीमाथि अनुसन्धान र कार बाही गर्न सरकारलाई सिफारिस गर्ने हो ।' दुवै दिनका घटनालाई छुट्टाछुट्टै आयोगमार्फत छानबीन गर्नुपर्ने भएपनि सरकारसँग बजेट अभावका कारण एउटै आयोगबाट अध्ययन भइरहेको उनले बताए । दुबै दिनको घटनाको निष्पक्ष छानबीन गरेर कानूनी कारबाहीको प्रक्रिया सहित सरकारलाई सुझाव दिने उनले बताए ।

आन्दोलनका क्रममा भएका घटनाको क्षतिको यथार्थ विवरण संकलन गर्न सरकारी कार्यालय, सर्वोच्च अदालत, संवैधानिक निकाय, उद्योगी-व्यवसायी र सर्वसाधारणबाट विवरण माग गरिएको बताए । उनले क्षतिपूर्तिको दाबी प्राविधिक रुपमा प्रमाणित हुनुपर्ने उनले बताए । 'हामीले सबै क्षेत्रबाट क्षतिको विवरण माग गरेका छौँ र व्यक्तिगतरुपमा पनि नोक्सानी व्यहोरेकाहरुलाई फाराम मार्फत् आवेदन दिन भनेका छौँ । घर जल्यो भनेर एक करोडको क्षति भयो भन्दैमा हुँदैन । त्यसको आधिकारिक निकायबाट प्राविधिक मूल्यांकन हुनुपर्छ ताकि भोलि अदालतमा पनि प्रमाण लागोस्,' उनले भने । आन्दोलनका क्रममा लुटिएका हतियार र जेलबाट भागेका कैदीका सम्बन्धमा वर्तमान कानुन अपर्याप्त रहेको अध्यक्ष कार्कीको भनाई छ ।

यो विषय समाधानका लागि विशेष अध्यादेश ल्याउन सरकारलाई सुझाव दिएको उनले बताए । आयोगले कुनै पनि व्यक्ति वा पक्षलाई हेरेर नभई निष्पक्षरुपमा काम गर्न प्रतिबद्ध रहेको अध्यक्ष कार्कीले बताए । 'भ्रष्टाचारी हो भन्दैमा कसैको घर जलाउन पाइँदैन । अपराधी हो भनेर हामी आफैँले काट्न-मार्न पनि पाइँदैन । त्यसका लागि कानुन छ । कानुनबमोजिम कारबाही हुनुपर्छ,' उनले भने । पूर्वप्रधानमन्त्री र गृहमन्त्रीसमेतमाथि आरोप सार्वजनिक भइरहेका सन्दर्भमा बोल्दै कार्कीले अनुसन्धानका क्रममा प्रमाण फेला परे मुद्दा दर्ता गर्न सकिने बताए । २३ गतेको गोली कसरी चल्यो भन्ने विषयमा आयोगले अध्ययन गरिरहेको पनि उनले जानकारी दिए ।

अध्यक्ष कार्कीका अनुसार उच्चसुरक्षा व्यवस्थाबीच सिंहदरबार, संसद् भवनलगायत संरचना जल्नुमा पनि अनुसन्धान भइरहेको छ । अध्यक्ष कार्कीले कानूनी शासन बलियो बनाउन प्रहरीको मनोबल उच्च राख्न आवश्यक रहेको बताए । कार्यक्रममा बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले जेनजी आन्दोलनपछि राज्यको अनुभूति नै नभएको बताएका छन् । उनले दुवै दिनका घटनालाई एउटैरुपमा हेर्न नमिल्ने भन्दै २४ गतेको आन्दोलन डकैती र घुसपैठमा परिणत भएको दाबी गरे । डकैती गर्नेसँग डराएर बस्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले हालको असुरक्षा र त्रासका कारण फागुन २१ गते तोकिएको समयमा निर्वाचन हुन नसक्ने तर्क गरे ।

आफूहरुले कानूनको शासनमा विश्वास गरेर पर्खिएको भए पनि अब पनि आगजनी, लुटपाटमा संलग्नलाई कारबाही नगर्ने हो भने धैर्यताको बाँध टुट्ने पौडेलले चेतावनी दिए । त्यसैगरी हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले २४ गतेको घटनालाई अत्यन्त गम्भीररुपमा लिनुपर्नेमा जोड दिइन् । उनले आन्दोलनमा बौद्धिक वर्ग भनिने समूहको समेत सहभागिता रहेको आरोप लगाइन् ।

प्रहरी, जनप्रतिनिधि र प्रमुख जिल्ला अधिकारीसम्म लुकेर बस्नुपर्ने अवस्था आएको स्मरण गर्दै नगरप्रमुख लामाले समाज कता जाँदैछ ? भन्ने गम्भिर प्रश्न उठेको बताइन् । आक्रमणकारीलाई कानूनी कारबाहीको दायरामा नल्याएसम्म आगामी निर्वाचन सम्भव नहुने उनको तर्क थियो ।

प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका मन्त्रालयका सचिवहरु, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, राजनीतिक दलका प्रतिनिधि तथा सरोकार वालाको सहभागिता रहेको थियो ।

# ठूलो एकादशीमा ऋषेश्वर मन्दिर परिसरमा माछामासु, मदिरा निषेध



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ थाहा नगरपालिकाको प्रसिद्ध ऋषेश्वरको प्रवेशद्वारदेखि मन्दिर परिसरसम्मै मदिरा र माछामासु निषेध गरिएको छ ।

आउँदो कार्तिक १५ गते ठूलो एकादशी (हरिबोधनी एकादशी) को अवसरमा ऋषेश्वरमा लाग्ने मेलालाई लक्षित गर्दै बसेको बैठकले यस्तो निर्णय गरेको हो । ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष बिनोद लामाको अध्यक्षतामा बसेको बैठकले एकादशी जात्रालाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्ने निर्णय गरेको हो । पर्यटन सूचना केन्द्र सीमभञ्ज्याङमा बसेको बैठकमा थाहा नगरप्रमुख विष्णुबहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा ४ नम्बर वडाध्यक्ष नारायण लामाको विशेष उपस्थिति रहेको थियो । बैठकले इलाका प्रहरी कार्यालय पालुङ तथा नगरप्रहरीलाई ट्राफिक व्यवस्थापन र सुरक्षाको व्यवस्थापन गरिदिनको लागि अनुरोध गर्ने, मन्दिरको भेटी र समग्र जात्रा व्यवस्थापन क्षेत्र विकास समितिको नेतृत्वमा गर्नेलगायत निर्णय गरेको छ ।

थाहा नगरपालिका-४ मा रहेको ऋषेश्वरमा लाग्ने जात्रा व्यवस्थापनका लागि स्वयंसेवक व्यवस्थापन गर्न गणेश लामालाई संयोजक तोकिएको छ । बैठकले परम्परागतरुपमा पाण्डुकेश्वर महादेवको मुकुट ऋषेश्वर लैजाने ल्याउने व्यवस्थाका लागि संयोजन गर्न पाण्डुकेश्वर क्षेत्र विकास समितिका सदस्य कमल केसीलाई जिम्मा दिने निर्णय गरेको छ भने मन्दिर प्रवेशद्वारमा लाग्ने बजार व्यवस्थापनको संयोजन गर्नका लागि सुमन भुजेललाई संयोजक तोक्ने निर्णय गरेका छ । बैठकमा नगरप्रमुख विष्टले जात्रालाई व्यवस्थित सञ्चालन गर्न अब ऋषेश्वर क्षेत्र विकास समितिले नै नेतृत्व लिनुपर्ने बताए ।

'स्वयंसेवक परिचालन, मन्दिरको भेटी संकलन, बजार व्यवस्थापनलगायत सबै एकद्वार प्रणालीबाट व्यवस्थापन गर्नुपर्छ' प्रमुख विष्टले भने 'नगरपालिकाले कार्यविधि निर्माण गरी आधिकारिकरुपमा क्षेत्र विकास समिति गठन गरिसकेको अवस्थामा सबै सरोकारी निकायको समन्वयमा ऋषेश्वरको प्रवर्द्धनात्मक कार्य गर्नुपर्दछ ।' बैठकमा नगर उपप्रमुख गोपालीले ऐतिहासिकता र परम्परा नमासिने गरी जात्रा सञ्चालन र व्यवस्थापन गर्नुपर्ने बताए । धार्मिक सहिष्णुतासहितको पहिचान भएको ऋषेश्वरलाई थप प्रवर्द्धन गर्नका लागि विकास समितिको योगदान थप मजबुद हुनुपर्ने सुझाए ।

जात्रालाई व्यवस्थित गर्नका लागि सुरक्षाव्यवस्था गर्न प्रतिवद्ध रहेको बताउँदै इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबु अर्यालले स्वयंसेवक, नगरप्रहरी तथा स्थानीयको समन्वय अपरिहार्य रहेको बताए । उनले भक्तजनको लाइन व्यवस्थापन तथा ऋषेश्वर प्रवेशद्वार रहेको त्रिभुवन राजपथको दामन सीमभञ्ज्याङ सडकखण्डको ट्राफिक व्यवस्थापनलाई सहज बनाइने बताए । बैठकमा विकास समितिका पदाधिकारी, पाण्डुकेश्वर क्षेत्र विकास समिति, गोरखनाथ मन्दिर व्यवस्थापन समिति, एभरेष्ट क्लव दामन, ऋषेश्वर सामुदायिक वन, ऋषेश्वर टोल विकास संस्था, खर्क ठुलोफाकल टोल विकास संस्था, किटेनी रुप्से टोल विकास संस्था, नवजागरण पौरखी युवा क्लब, दामन बजार व्यवस्थापन समिति, सीमभञ्ज्याङ बजार व्यवस्थापन समिति, होटल व्यवसायी तथा स्थानीयको उपस्थिति थियो ।

एकादशी जात्रा सौहार्दपूर्ण रुपमा सम्पन्न गर्नका लागि सम्पूर्ण सरोकारवलाको सहकार्य आवश्यक भएको ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष लामाले बताए । उनले क्षेत्र विकास समितिले पहिलोपटक जात्रा व्यवस्थापन गर्न लागेको बताउँदै ठूलो एकादशी जात्रा सबैको साझा भएकोले आआफ्नो क्षेत्रबाट समन्वय र सहकार्य गर्न अपील गरे ।

# बागमतीमा मन्त्रालयको संख्या घटाउने तयारी



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ बागमती प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने तयारी थालेको छ । खर्च कटौती र आर्थिक मितव्ययीता अपनाउने निर्णय गरेको प्रदेश सरकारले हाल कायम रहेको प्रदेश मन्त्रालयको संख्या १४ बाट सातमा झार्ने तयारी थालेको हो ।

प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले प्रदेश सरकारलाई मन्त्रालयको संख्या घटाउन माग गर्दै केही दिनअघि ज्ञापनपत्र बुझाएको थियो । प्रमुख प्रतिपक्ष दलको ज्ञापनपत्र पश्चात् केही दिनअघि बसेको सत्तारुढ दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको संयुक्त बैठकमा प्रदेश सरकारको मन्त्रालय घटाउने विषयमा सहमति भएपछि सरकार मन्त्रालयको संख्या घटाउने गृहकार्यमा जुटेको हो । 'सत्तारुढ दलको संयुक्त बैठकमा मन्त्रालयको संख्या घटाउने सैद्धान्तिक सहमति भएसँगै सरकारले एउटा समिति नै बनाएर यस विषयमा अध्ययन सुरु गरिसकेको छ', मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भने, 'मन्त्रालयको संख्या कति घटाउने ? कुनकुन मन्त्रालय राख्ने ? कुनकुन मन्त्रालय समायोजन गर्ने, कर्मचारी व्यवस्थापन कसरी गर्नेलगायतका विषयमा समितिले अध्ययन गरिरहेको छ ।'

प्रदेश सरकारको मन्त्रालयको घटाउने विषयमा दलहरु सहमत रहेकाले मन्त्रालयको संख्या घटाउने विषयमा ठोस निर्णयमा पुग्नका लागि प्रक्रिया सुरु भइसकेको मुख्यमन्त्री बानियाँको भनाइ छ । खर्च कटौती र सुशासन प्रदेश सरकारको प्रमुख प्राथमिकता भएकाले मन्त्रालय र संरचनाको विषयमा दलहरुसँग छलफल गरेर साझा धारणा निर्माण गरी यसलाई तार्किक निष्कर्षमा पुऱ्याउने मुख्यमन्त्री बानियाँले बताए ।

'अहिलेको परिस्थिति फेरिएको छ, हामी केवल मन्त्रालयको संख्या घटाउने भनेर मात्र होइन, कसरी व्यवस्थापन गर्ने भन्नेमा केन्द्रित छौँ', मुख्यमन्त्री बानियाँले भने, 'पहिलोचरणमा दलीय सहमति जुटाउने र त्यसपछि विज्ञहरुको सुझाव सल्लाहअनुसार मन्त्रालयको संख्या घटाउने र व्यवस्थापन गर्ने निचोडमा पुग्छौँ', मन्त्रालयको संख्या घटाउने विषय विशुद्ध प्रशासनिक सुधार र वित्तीय अनुशासनसँग जोडिएको विषय भएकाले दलीय सहमतिकै आधारमा टुङ्गो लगाउने मुख्यमन्त्री बानियाँले बताएका छन् ।

# त्रिखण्डी मेलामा माछामासु बिक्रीमा प्रतिबन्ध



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ आगामी कात्तिक १५ गते शनिबार भैंसेस्थित प्रसिद्ध धार्मिकस्थल त्रिखण्डी मन्दिरमा मौलिक परम्परा रीतिरिवाज अनुसारको मेला लाग्दै आएको छ ।

हरिबोधनी अर्थात ठूलो एकादशीका दिन हुने मेलामा मन्दिर परिसरमा हजारौं भक्तजन र ब्रतालुको भिडलाग्ने गरेको छ । ट्राफिक व्यवस्थापन अपरिहार्य हुँदा समन्वय गरी सहयोगको लागि अपिल गरिने आयोजक समितिले जनाएको छ । समितिले मन्दिर परि सरमा माछामासु र मदिराजन्य पदार्थ बिक्रीबितरणमा विगतदेखि नै पूर्णरुपमा बन्देज लगाएको मन्दिरका सेवक तथा समितिका सदस्य लक्ष्मण दाहालले जानकारी गराए । मेलाको लागि मन्दिर परिसरको सरसफाई कार्य गरिएको छ । खोलापारिको मन्दिरमा जानका लागि अस्थायी पुलको निर्माणकार्य भइरहेको छ । सोही दिनमा सबै सवारी साधानलाई रातोमाटेमा पार्किङको ब्यवस्था मिलाइएको सेवक दाहालले जानकारी गराए ।

हिन्दुहरुको पवित्र दिन हरिबोधनी एकादशीमा पवित्र भएर कन्दमुल र फलाहार गर्ने प्रचलन छ । मन्दिर क्षेत्रमा शान्तिसुरक्षाको लागि जिल्ला प्रशासन कार्यालय मकवानपुरले समन्व र सहकार्य गर्दै आएको छ ।

त्रिखण्डी मेला संचालन तथा व्यवस्थापन तयारीका लागि गठन गरिएको समितिमा अध्यक्ष युगेन तामाङ, सचिव अस्मिता गोले, कोषाध्यक्ष सोनाम छिरिङ भोम्जन, सदस्यहरु लक्षमण दाहाल, नारायण स्याङतान, राधिका रोग्मीमगर, सुजता रुचालमगर, रमेशकुमार थिङ लागायत रहेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# डेंगु जोखिम बढ्दै

देशभर डेंगुको संक्रमण पुनः तीव्र बन्दै गएको तथ्यांकले यस वर्ष पनि स्वास्थ्य व्यवस्थाले आवश्यक तयारी गर्न नसकेको यथार्थलाई स्पष्ट रूपमा देखाएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)का अनुसार ७५ जिल्लाबाट ६ हजार ६६८ जनामा डेंगु पुष्टि भइसकेको छ । पाँच जनाको ज्यान गइसकेको छ, जबकि जोखिमको समय अझै कात्तिक मसान्तसम्म रहने स्वास्थ्य विज्ञहरू बताइरहेका छन् । यस्तो अवस्थामा संघ, प्रदेश र स्थानीय तहबीच पर्याप्त संयोजन र द्रुत प्रतिक्रिया अभावले डेंगु नियन्त्रणको चुनौती थप गहिरो बनिरहेको छ । सबैभन्दा बढी संक्रमण बागमती प्रदेशमा देखिनु केही अर्थमा स्वाभाविक भए पनि चिन्ताजनक छ-कारण उच्च जनघनत्वका शहर, अव्यवस्थित बसोबास, खुला फोहोर, सडकछेउ जम्ने पानी र अनियोजित शहरीकरणले डेंगुको प्रजननका लागि आदर्श अवस्था सिर्जना गर्छन् । गण्डकी र लुम्बिनी प्रदेशमा पनि संक्रमितको संख्या उच्च हुनु प्रदेशगत स्वास्थ्य तयारी कमजोर रहेको संकेत हो । केवल डोल्पा र मनाङमा संक्रमण नदेखिनुले भौगोलिक र जलवायुका कारण जोखिम कम हुने भए पनि देशभर समग्र रूपमा जोखिम उच्च नै छ ।

स्वास्थ्य विशेषज्ञहरू वर्षौंदेखि नै चेतावनी दिँदै आएका छन्–एडिज जातका लामखुट्टे सफा पानीमा छिट्टै बढ्छन् र ती बिहान-साँझ बढी सक्रिय हुन्छन् । यसको रोकथाम सजिलो छ–भाँडाकुँडा, टायर, पानीका ट्यांकी वा खुला ठाउँमा जम्मा हुने पानी खाली राख्ने, लामखुट्टे बन्ने स्रोत नष्ट गर्ने र जनस्तरमा सचेतना अभिवृद्धि । तर, विडम्बना के छ भने, यस वर्ष पनि रोग फैलिसकेपछि मात्र सरकारले हतार-हतार अभियान सञ्चालन गर्ने अवस्था दोहोरिएको छ । यसले हाम्रो नीति, संरचना र ढिलासुस्तीप्रतिको निर्भरता उजागर गर्दछ । डेंगुका लक्षणहरू पहिचान गरेर समयमै उपचार लिन चिकित्सकहरूले सुझाव दिँदै आए पनि धेरै नागरिक अझै अस्पताल जान ढिला गर्छन् । स्वास्थ्य शिक्षा अभाव, अफवाह, घरेलु उपचारप्रतिको अन्धविश्वास र ग्रामीण क्षेत्रका स्वास्थ्य सेवाको पहुँच कमजोर हुनु यसको कारण हुन् । यसले संक्रमणलाई जटिल बनाउँदै मानिसको जीवन जोखिममा पार्छ । डेंगुमा 'आफैं औषधि खाने' अभ्यास खतरनाक मानिन्छ, तर यो चेतावनी जनस्तरसम्म प्रभावकारी रूपमा पुगेको देखिँदैन । रोकथामका विषयमा स्थानीय तहको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । लामखुट्टे जन्माउने पानीको स्रोत नष्ट नगरेसम्म संक्रमण फैलिरहन्छ । यसका लागि घर-घरमा अभियान, विद्यालयमा सचेतना, समुदायगत सहभागिता र नियमित अनुगमन अत्यावश्यक थियो, तर त्यो देखिँदैन । यसबाहेक, राज्यको प्रतिक्रिया प्रायः त्रुटिपूर्ण ढंगले वर्षा बढेपछि मात्रै सक्रिय हुने हुन्छ । कात्तिक मसान्तसम्म जोखिम रहने यथार्थ सरकारलाई थाहा छ तर पर्याप्त पूर्वतयारी कहिल्यै देखिँदैन ।

बजेट, जनशक्ति र उपकरणको व्यवस्थापन हुने समयमा ढिलासुस्ती हुनु, स्वास्थ्य कार्यालय र स्थानीय तहबीच समन्वय न्यून हुनु, तथा डेंगुलाई वार्षिक प्रकोपका रूपमा निरूपण गरेर दीर्घकालीन रणनीति नबनाउनु हाम्रो व्यवस्थाको मुख्य कमजोरी हो । आजको समस्या केवल स्वास्थ्य क्षेत्रको मात्र होइन–शहरी व्यवस्थापन, स्वच्छता, वातावरण, स्थानीय प्रशासन र नागरिक संस्कार सबैसँग जोडिएको छ । डेंगु नियन्त्रणलाई 'अभियान' होइन, 'वार्षिक राष्ट्रिय प्राथमिकता' बनाइनु पर्छ । यदि राज्यले योजना, स्रोत र जनशक्ति संयोजनमा द्रुत सुधार गरेन भने, हरेक वर्ष हजारौं नागरिक संक्रमण आणि जोखिमको चक्रमा फँसिरहनेछन् । अब आवश्यक छ–दिगो रणनीति, समयमै पूर्वतयारी, जनसहभागिता र प्रभावकारी स्थानीय नेतृत्व । डेंगु नियन्त्रण सम्भव छ, तर राज्यको इच्छाशक्ति र तयारी बलियो हुनुपर्छ । नागरिकको स्वास्थ्य जोगाउनु सरकारको पहिलो दायित्व हो–यो दायित्व अब शब्दमा होइन, काममा देखिनुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १३ गते बिहीबार ३० अक्टोबर २०२५ । नवमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१४ सूर्यास्त ५:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नयाँ कार्ययोजना बन्नेछ | **तुला** | : व्यापार राम्रो चल्नेछ |
| **वृष** | : आकस्मिक लाभ हुनेछ | **वृश्चिक** | : मीठो खाने अवसर मिल्नेछ |
| **मिथुन** | : राम्रो अवसर गुम्नेछ | **धनु** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कर्कट** | : खर्च र दुःख बढ्नेछ | **मकर** | : मनमा शङ्का बढ्नेछ |
| **सिंह** | : वस्त्र-भोजन प्राप्त हुनेछ | **कुम्भ** | : सञ्चित धन खर्च हुनेछ |
| **कन्या** | : योजना कार्यान्वयन हुनेछ | **मीन** | : आफन्तले कुरा काट्नेछन् |

# शिक्षा क्षेत्रको राजनीतिक प्रदूषण र गहिरिँदो सङ्कट



✍ डम्मर सिंह साउद

नेपाल आज एउटा यस्तो मोडमा उभिएको छ, जहाँ राजनीतिक अस्थिरता, भ्रष्टाचार, अन्याय र विभेदले समाजका प्रत्येक तहलाई सङ्क्रमित बनाइसकेको छ । देशको राजनीति, प्रशासन, न्याय, चिकित्सा, प्रहरी, सेना, मिडिया र विशेषगरी शिक्षा क्षेत्र– सबैतिर राजनीतिक हस्तक्षेप, भागबण्डा, अन्याय, असमानता र अराजकताले जरा गाडेको छ ।

यसको मूल कारण देशको मेरुदण्ड मानिने शिक्षा क्षेत्रमा भएको चरम राजनीतिक हस्तक्षेप र भागबण्डाको संस्कृति नै हो । जब शिक्षा नै अस्वस्थ, प्रदूषित र दास मानसिकताबाट ग्रसित हुन्छ, तब त्यसले योग्य, इमान्दार र विवेकी नागरिक होइन, केवल अवसरवादी जनशक्ति उत्पादन गर्छ । यही जनशक्ति पछि देशका प्रत्येक निकायमा पुगेर विकृति दोहोऱ्याउँछ र परिणामस्वरूप सिङ्गो राष्ट्र पतनको दिशातर्फ धकेलिन्छ ।

**शैक्षिक संस्थाहरू राजनीतिक प्रयोगशालामा**

विगत केही दशकदेखि विश्वविद्यालय र विद्यालयहरू राजनीतिक दलहरूको प्रयोगशालामा परिणत भएका छन् । विद्यार्थी संगठनदेखि प्राध्यापक संघ, कर्मचारी संघ, सबै कुनै न कुनै राजनीतिक दलको छातामुनि सञ्चालित छन् । योग्यता र क्षमताभन्दा बढी मूल्य राजनीतिक निष्ठा र पहुँचले पाउँछ । प्राध्यापक बन्ने, विभिन्न पदाधिकारीको जिम्मेवारी पाउने, क्याम्पस प्रमुख वा डीन हुने, प्रशासनिक पद पाउने– यी सबै निर्णय भागबण्डा र सिफारिसको आधारमा हुने गर्छ ।

यसले शिक्षा प्रणालीको आत्मा नै मारेको छ । यसले योग्य, विचारशील, राष्ट्रप्रेमी र दूरदर्शी व्यक्तिहरूलाई पछाडि धकेलेर केवल दलको जयजयकार गर्नेहरूको वर्चस्व स्थापित गरिदिएको छ ।

शिक्षा क्षेत्रमा यस्तो राजनीतिक नियन्त्रणको परिणाम केवल संस्थागत नैतिक पतन होइन, यो राष्ट्रिय चरित्रको क्षयीकरण हो । विद्यालय र विश्वविद्यालयबाटै दास मानसिकता, अवसरवाद, र बेइमानी सिकेर निस्केका जनशक्तिहरू नै पछि देशका राजनीति, प्रशासन, कानुन, न्यायालय र अन्य क्षेत्रमा पुगेर त्यही प्रवृत्तिलाई पुनःस्थापित गर्छन् । फलस्वरूप आज नेपालमा सुशासन, समानता, र न्याय केवल नारामा सीमित बनेका छन् । असल नागरिकहरू किनारामा छन्, र असक्षम तर पहुँचवाला व्यक्तिहरू सत्ताको केन्द्रमा छन् ।

**चेतनाको आन्दोलनमा घुसपैठ**

देशको वर्तमान राजनीतिक अवस्था त्यसैको प्रतिबिम्ब हो । जनताले दशकौंसम्म भ्रष्ट शासन र बेइमान नेतृत्वबाट निराश भएर आक्रोश पोख्दा 'जेनजी आन्दोलन' जस्ता चेतनाको स्वरूप जन्मिए । युवाहरूले परिवर्तनको माग गरे, न्याय, सुशासन र योग्यता प्रणालीको स्थापनाको आवाज उठाए । तर दुर्भाग्यवश, त्यही आन्दोलनमा पनि विभिन्न दलका स्वार्थी तत्व र दास मानसिकता भएका व्यक्तिहरूले घुसपैठ गरे ।

आन्दोलनको वास्तविक मर्म– सुधार र सुशासनको आवाज– विकृत पारियो । देशको सम्पत्ति तोडफोड भयो, निर्दोष विद्यार्थीको रगत बग्यो, तर राजनीतिक दासहरूले फेरि पनि भ्रम छर्दै त्यसैको फाइदा उठाएर सत्ता र पदको खेल खेल्न सुरु गरिसकेको देखिन्छ ।

शिक्षा र चेतनाको जग कमजोर पारेर कुनै पनि देश टिक्न सक्दैन । शिक्षालयहरू विचार, विवेक र नैतिकताको केन्द्र हुनुपर्ने हो, तर नेपालमा तिनीहरू राजनीतिक गुटबन्दी र चाकरीको केन्द्र बनेका छन् । कतिपय प्राध्यापक, कर्मचारी र विद्यार्थीहरू अझै पनि अन्धभक्त भएर आफ्नो दलको जयजयकार गर्दै नेताको रक्षा र चाकरीमा व्यस्त छन् ।

यस्तो व्यवहारले शिक्षकको नैतिक उचाइ मात्र घटाएको छैन, शिक्षण पेसामाथि जनताको विश्वास पनि तोडेको छ । असल र इमान्दार विद्यार्थीहरूले आफ्ना शिक्षकलाई विवेकी मार्गदर्शक होइन, दलका प्रचारकका रूपमा देख्न थालेका छन् ।

अझ दुःखद कुरा, केही प्राध्यापक, कर्मचारी र विद्यार्थीहरूले आन्दोलनको समयमा आफ्नो राजनीतिक संगठन परित्याग गरेको घोषणा गरे पनि परिस्थिति सामान्य बन्दै जाँदा पुनः अन्धभक्त भएर आफ्नै दलमा फर्किए । यो व्यवहार उनीहरूको नैतिक कमजोरीको प्रमाण हो । यसले दर्शाउँछ कि हाम्रा शिक्षित वर्गहरू पनि स्वतन्त्र सोच र विवेकभन्दा बढी सत्ता र पहुँचप्रति आकर्षित छन् । यस्तो प्रवृत्तिले देशको नैतिक नेतृत्वलाई कमजोर पारिरहेको छ ।

**समाधानः शिक्षाको शुद्धीकरण**

समस्या केवल केही व्यक्तिमा होइन, यो प्रणाली (सिस्टम) मै निहित छ । जब शिक्षक, विद्यार्थी र कर्मचारीहरू राजनीतिक रूपमा विभाजित हुन्छन्, तब शिक्षा स्वतन्त्र रहन सक्दैन । शिक्षालयहरू पार्टीका खेलमैदान बन्छन्, पाठ्यक्रम र मूल्याङ्कन प्रणाली पक्षपातपूर्ण बन्छ, र अनुसन्धान पनि नेताको मनपरीमा निर्भर हुन्छ । यसरी शिक्षा कमजोर भएपछि अन्य सबै क्षेत्र स्वतः पतनको दिशामा लाग्छन् ।

अब प्रश्न उठ्छ– उपाय के हो? समाधान कहाँबाट सुरु गर्ने ? यसको उत्तर पनि शिक्षा क्षेत्रमै निहित छ । देशमा सुशासन, न्याय, समानता र समृद्धिको आधार निर्माण गर्न सबैभन्दा पहिले शिक्षा क्षेत्र सुधार गर्नुपर्छ । यसका लागि केही ठोस कदम आवश्यक छन्:

**१. राजनीतिक हस्तक्षेप अन्त्यः**

शिक्षण संस्थाहरूबाट राजनीतिक दलको प्रत्यक्ष हस्तक्षेप समाप्त गर्नुपर्छ । कुनै पनि शिक्षक, विद्यार्थी वा कर्मचारी संगठन कुनै दलसँग आबद्ध हुन नपाउने व्यवस्था कानुनी रूपमा सुनिश्चित गर्नुपर्छ । हरेक क्षेत्रबाट राजनीतिक दल निकटका सै संगठनहरू कानुन संशोधन गरेर खारेज गर्नुपर्छ र पेसागत हकहितका लागि एकमात्र स्वतन्त्र तथा निष्पक्ष पेसागत संगठनको व्यवस्था गर्नुपर्छ । विश्वविद्यालयहरूमा नियुक्ति, पदोन्नति र जिम्मेवारी योग्यता, अनुभव र पारदर्शी प्रतिस्पर्धाको आधारमा हुनुपर्छ ।

**२. आत्ममूल्याङ्कनः**

शिक्षक र प्राध्यापकहरूले आत्ममूल्याङ्कन र आत्मालोचना गर्न आवश्यक छ । विगतमा गरिएका गल्तीहरू स्वीकार गर्दै आफ्नो विवेक पुनर्जागृत गर्नुपर्छ । शिक्षण पेसा केवल रोजगारी होइन, राष्ट्र निर्माणको दायित्व हो भन्ने चेतना जगाउन जरुरी छ ।

**३. स्वतन्त्र आन्दोलनको संस्कृतिः**

शिक्षक र विद्यार्थी दुवैले स्वतन्त्र सोच र नैतिकतामा आधारित आन्दोलनको संस्कृति पुनर्जीवित गर्नुपर्छ । राजनीतिक नेताको निर्देशनमा होइन, विवेकको आधारमा बोल्ने र निर्णय गर्ने संस्कार बनाउनुपर्छ ।

**४. पारदर्शिता र जवाफदेहिताः**

शिक्षा प्रणालीमा पारदर्शिता र जवाफदेहिताको अभ्यास अनिवार्य हुनुपर्छ । पाठ्यक्रमदेखि परीक्षा प्रणाली र नियुक्ति प्रक्रिया सबैमा निगरानी र समीक्षा संयन्त्र स्थापना गर्नुपर्छ । त्यस्तै, नागरिक स्तरमा इमानदारी र विवेकको पुनर्जागरण हुनुपर्छ । शिक्षक, विद्यार्थी, अभिभावक र नीति निर्माता सबैले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । जबसम्म हामीले गलतको विरोध गर्ने साहस र सत्यको पक्षमा उभिने आँट गर्दैनौं, तबसम्म परिवर्तन सम्भव हुँदैन ।

**निष्कर्ष**

नेपालमा आजको सङ्कट केवल शासन परिवर्तनको माग होइन, यो सोच र चरित्रको पुनर्जागरणको माग हो । यो समय आत्मसुधारको हो–पहिले शिक्षक, त्यसपछि विद्यार्थी, अनि समाज र राष्ट्र । यदि शिक्षित वर्गले नै विवेक गुमायो भने देश कहिल्यै सुशासन र समृद्धिको मार्गमा अघि बढ्न सक्दैन ।

देशको मुक्ति बाह्य शक्तिबाट होइन, आफ्नै चेतना, विवेक र इमानदारीबाट हुनेछ । जब शिक्षालयहरू पुनः विचार र नैतिकताको केन्द्र बन्छन्, जब शिक्षकहरू पुनः गुरु बन्ने साहस गर्छन्, तब मात्र नेपालले सुशासन, समानता र समृद्धिको नयाँ अध्याय सुरु गर्न सक्छ ।

नेपाल पुनर्जागरणको बाटो शिक्षाको शुद्धीकरणबाट सुरु हुन्छ । जब शिक्षण पेसा पुनः निष्पक्ष, विवेकी र स्वच्छ बनाइन्छ, तब मात्र हाम्रा विद्यालय र विश्वविद्यालयले असल नागरिक उत्पादन गर्न सक्छन् । र जब असल नागरिक जन्मिन्छन्, तब मात्रै राष्ट्र असल हुन्छ । त्यसैले अब शिक्षा सुधारलाई नै राष्ट्र सुधारको पहिलो कदम मान्दै, सबै शिक्षक, प्राध्यापक, विद्यार्थी र नागरिकहरू एकजुट भएर विवेक र इमानदारीको अभियान आरम्भ गर्नुपर्छ । यही बाटोले नेपाललाई उज्यालो भविष्यतर्फ लैजानेछ ।

*(साभारः रातोपाटी)*

# दिग्भ्रमित राजनीतिको बाटोमा वामपन्थी दलहरू

✍ दिनेश रायमाझी

भाग्यप्रति मेरो विश्वास छैन किनभने भाग्य कस्तो हुन्छ भनेर मैले देखे जानेको छैन । तर यहाँको भाग्यवादी समाजमा एउटा भनाइ चलनचल्तीमा छ 'भाग्यमानीले देखेर चेत्छ, अभागीले भोगेर चेत्छ ।' नेपालका वामपन्थी दलहरूको अहिलेको अवस्थाले पनि यही भनाइलाई चरितार्थ गरिरहेको छ । वामपन्थी आन्दोलनको ५ दशक लामो नेतृत्वको अनुभव, जेलनेल र थुनाको यात्रा, जनताको अपार समर्थन, र साढे ३ दशक लामो सत्ता सञ्चालनको अनुभव भएका नेताहरूको नेतृत्वमा रहेको सत्ता भदौ २४ को अन्तरालमा घण्टामा ध्वस्त हुनगयो । सायद, सोभियत युनियनको असफलता, पूर्वी युरोपका समाजवादी देशहरूको असफलता, पश्चिम बंगालमा कम्युनिस्ट शासनको पतन, दुईतिहाइ बहुमत रहेको सरकारको असफलता र नेकपा (नेकपा) को विभाजनको समीक्षा गर्दै अघि हिँड्न सकेको भए पनि सायद यस्तो अवस्था आउनबाट रोक्न सकिने थियो । इतिहासबाट नचेत्नेहरूको दुर्दशा अहिले गुन्डूमा तमासाको रूपमा देखा परेको छ ।

आज केवल सत्ता मात्रै ध्वस्त भएको छैन कि सिंगो मुलुक, वाम-लोकतान्त्रिक आन्दोलन, नेपालको भविष्य नै एकप्रकारले दिशाविहीन, नेतृत्वविहीन र रक्षात्मक बन्न पुगेको छ । खासगरेर यहाँको वामपन्थी आन्दोलन न्याय, समानता र समृद्धिको सपना बोकेर खडा भएको हो, तर त्यो सपना अहिले पुरै बिथोलिएको छ र त्यो एउटा भयानक र डरलाग्दो परिदृश्य (अन्धकार) बनेर हाम्रासामु खडा भएको छ । आन्तरिक कलह, व्यक्तिवाद, अवसरवाद र भूराजनीतिलाई गहिरो गरी बुझ्न नसक्दा शक्तिशाली सत्ता पनि कसरी 'तासको घर'जस्तो गर्ल्याम्मै ढल्दो रहेछ त भन्ने पाठ हो यो नयाँ नेतृत्व लिन चाहनेहरूको निम्ति । तोप नै पड्काए पनि नढल्ने भनिएको सत्ता अविस्वसनीय तरिकाले र जति छिटो ढल्न गयो, देशको निम्ति यो ठुलो दुर्भाग्य त हो नै र यो हाम्रो समयको सबैभन्दा ठुलो राजनीतिक विफलता पनि हो ।

**नागरिक मौनता**

नेपालमा अहिले अघोषित स्वसेन्सर सिपले राजनीति र समाज दुवैलाई बाँधेर कस्दै लागिरहेको छ । मै हुँ भन्ने पत्र-पत्रिकाहरूले के र कस्तो समाचार सम्प्रेषण गर्ने भनेर छान्न थालेका छन्, लेखकहरूले आफ्ना वाक्यहरूलाई तौलन थालेका छन् र नागरिकले बोल्नुअघि दायाँ-बायाँका भित्तातिर हेर्न थालेका छन् । हामीकहाँ भनाइ छ नि भित्ताको पनि कान हुन्छ भन्ने- यस्तो वातावरण कुनै पनि स्वतन्त्र समाजको लक्षण होइन, यो त भयग्रस्त निरंकुश शासनको संकेत हो । सामाजिक सञ्जालहरू पनि जसले यो सत्ता खडा गर्न महत्त्वपूर्ण सहयोग गरे तिनीहरूको समेत रापताप मधुरो हुन थालिसकेको छ । सञ्चार मन्त्रीले नै भनिनै सके यो त अति हुनलाग्यो भनेर ।

भय, निराशा र असुरक्षाको वातावरणले जनतालाई आफ्नो विचार अभिव्यक्त गर्न क्रमशः डराउनुपर्ने बनाउँदै लागिरहेको छ । राजनीतिक सत्ता केवल प्रशासनिक नियन्त्रण मात्रै होइनह जनताको हक सुनिश्चित गर्नु उसको नैतिक र वैचारिक दायित्व पनि हो । सत्तामा उक्लेकाहरूले जनताप्रतिको आफ्नो जिम्मेवारीलाई पन्छाएर डरको सहारामा नागरिकको स्वतन्त्रताको अधिकारलाई नियन्त्रण गर्न सुरू गर्छन्, तब बुझ्नु पर्छ त्यो शासन जनताको होइन । देशमा हाल घटिरहेका विभिन्न घटनाक्रमहरूले यही कुरातर्फ संकेत गर्दछन् ।

एमाले अध्यक्ष ओलीको राजनीति अहिले व्यक्तिगत बदला लिनेतर्फ परिलक्षित देखिन्छ । रिस र अहंकारमा बाँधिन पुगेका छन् उनी । आफू अपदस्थ हुनुपरेको विषयलाई 'व्यक्तिगत अपमान' को रूपमा लिँदै त्यसको प्रतिशोध लिन हरकदम उठाउन तयार देखिन्छन् । प्रधानमन्त्रीलाई सुरक्षाको कारण देखाएर स्टेपडाउन हुनुस् भनेर आदेश दिनसक्ने अवस्था कसरी उत्पन्न भयो ? र अहिलेको प्रधानमन्त्रीलाई सम्माननीयज्यू स्थिति बेटर हुने लक्षण देखिएन, स्टेप डाउन हुनुहोस् भनेर राजीनामा गर्न लगाइयो भने के होला ? वस्तुगत अवस्था परिवर्तन भएपछि आफ्नो चिन्तन र कार्य प्रणाली पनि परिवर्तन गर्नुपर्छ भन्ने त सामान्य बुझाइ नै हो, होइन र ?

परिस्थितिले ओलीको बहिर्गमन र नयाँ चिन्तन र कार्यप्रणालीको माग गरिरहेको छ । तर यो कुरा मान्न उनी तयार छैनन् । बरू चुनाव रोक्ने रणनीति अघि सारेर आफ्नो दललाई नयाँ अवस्थामा जाने बाटोमा अवरोध खडा गरिरहेका छन् । ओलीको यो नीतिले देशमा टकरावको अवस्था उत्पन्न हुने कुरामा शंका छैन । आफ्ना आन्तरिक स्वार्थ र सत्ताको मोहका कारण अन्य दलका मुख्य नेताहरू पनि आ-आफ्नो डम्फु बजाउनमा तल्लिन छन् । नेताहरू कसैमा पनि आन्तरिक तथा बाह्य राजनीतिक गतिशीलता बुझ्न सक्ने क्षमता देखिएन ।

सबैजसो नेताहरूलाई बाह्य शक्तिसँग अप्राकृतिक हिमचिम रहेको छ भनेर आरोप लाग्ने गरेको कुरा कसैबाट छिपेको छैन । भारत, चीन वा पश्चिमी शक्तिहरूले उनीहरूबाट आफ्नो स्वार्थ पूरा गराउन सक्छन भन्ने कुरा त देखिएकै कुरा हो । यस्तो सम्बन्धन हुँदा समेत बाह्य शक्तिहरू कसरी खेल्न सक्ने रहेछन् भन्ने कुराको मेसो थोरैसमेत पाउन असक्षम देखिए । यही राजनीतिक विरोधाभासले आज वाम-लोकतान्त्रिक आन्दोलनको आत्मालाई निस्तेज पारेको छ ।

**दोस्रो पुस्ताको राजनीतिक असफलता**

नेपालको वामपन्थी राजनीति अहिले दोस्रो पुस्ताका हातमा जाने दिशामा छ । तर यो पुस्ता पनि देशका लागि आशा, भरोसा र परिवर्तनको निम्ति परिचित होइनन्, यिनीहरू पनि निराशाकै प्रतिनिधिहरू हुन् । पहिलो पुस्ता जहिलेदेखि राजनीतिको केन्द्रमा रहँदै आएको हो, सोही समयदेखि नै यो दोस्रो पुस्ता भनिने समूह पनि दोस्रो हैसियतमा रहँदै आइरहेको छ ।

यो पुस्ताको चरित्र जिम्मेवारी लिन डराउने, नेतृत्वको बोझ नउठाउने, तर सत्ताबाट सकेजति नाफा लिने प्रवृत्तिको रहेको कुरामा दुईमत नहोला । यो पुस्ताकाले आफ्ना अगुवा नेताको गलत अभ्यासलाई सुधार्नुको सट्टा, उनीहरूलाई थप बिग्रन नै सहयोग गरेका छन् । राजनीतिमा प्रवेश गरेर जनताको मुद्दा उठाउने होइन, आफ्ना व्यापारिक र पारिवारिक स्वार्थ पूरा गर्ने मनोवृत्ति यो पुस्तामा पनि उत्तिकै हावी छ, यो वास्तविकता हो । आज प्रत्येक दलमा दोस्रो पुस्ता भनिनेहरूको 'भजन मण्डली' छ, जो नेताका मुख हेर्छन्, आफूले सोच्दैनन्, र बोल्दैनन्, प्रश्न नै गर्दैनन् । फाइदाको निम्ति लाए-अह्राएको मात्रै काम गर्छन् ।

पार्टीको १ जना सचिवले अबको नेतृत्व म गर्छु भनेर अघि आउनुपर्नेमा आफ्नो आडमा बसेकालाई तपाईं अघि आउनुस् भनेर भनेको सुन्दा यो पुस्तामा पनि ल्याकत नरहेको कुरा नै पुष्टि हुन्छ । यो पुस्ताले पनि आजको राजनीतिक नेतृत्व लिने नयाँ दृष्टि, वैचारिक प्रतिबद्धता र जनताको वास्तविक समस्या बुझ्ने संवेदनशीलता गुमाएको छ । यो पुस्ता पनि कोहिनूर होइन । ग्रासरूटबाट नेतृत्वको छनोट र विकास नै आजको आवश्यकता हो ।

**सामाजिक अराजकता**

राजनीतिक अस्थिरतासँगै सामाजिक अराजकता पनि फैलँदै छ । कथित 'जेनजी'को नाममा 'इनभिजिबल' शक्तिहरूले समाजमा असुरक्षा र डर पैदा गर्ने दुस्साहस गरिरहेका छन् र त्यसमा सत्ता मूकदर्शक बनेर हेरिरहेको छ । जेनजीको नाममा असुली र कमिसनको संस्कृति पुनः मौलाउने हो कि भन्ने असामान्य स्थिति उत्पन्न हुने सम्भावना बढिरहेको छ । सरकारी स्रोत-साधन निजी स्वार्थमा प्रयोग हुन सक्ने संकेतहरू देखिन थालेका छन् । देशमा अराजकताले टाउको उठाउन सफल भयो भने त्यो हामी सबैको निम्ति अर्को दुर्भाग्य हुनेछ ।

**हठको बन्दी**

राजनीतिक परिवर्तनको इतिहासमा एकता सधैं निर्णायक शक्ति रहँदै आएको छ । तर नेपालका वामपन्थीहरू अहिले एकताभन्दा हठमा रमाइरहेका छन् । एकअर्कासँग कुरा गर्न पनि नमिल्ने, समझदारी खोज्ने प्रयासलाई कमजोरी ठान्ने प्रवृत्ति हावी छ । आलोचनालाई शत्रुता ठान्ने, सुझाव र सल्लाहलाई विरोध ठान्ने र तिनीहरूलाई दबाउने प्रवृत्ति डरलाग्दो रूपमा बढेको छ, उहिले टंक कार्की बनाउँथे अहिले उषा र वृन्दा बनाइन्छन् । सबैले बुझ्नुपर्छ, अहिलेको समय अहंकार र हठको होइन, यो आत्ममूल्यांकन र सहकार्यको समय हो । राजनीतिले भावनात्मक हठ होइन, वैचारिक दृढता माग्छ । तर अहिले वैचारिकता धेरै हदसम्म हराइसकेको छ ।

पार्टीको अध्यक्षले नै कामरेड भनेर सम्बोधन गर्दा 'ह्या के कमरेड भनिराको' भनेर खिसी गर्छन् भनेपछि अरू थप कुरा गर्नै परेन । र, त्यसको स्थान भावनात्मक चिन्तनले लिएको छ । यसले हाम्रो वैचारिकीमा अझ ठुलो संकट ल्याउने कुरामा दुईमत छैन । आजको दिनमा मुलुकमा कुनै पनि प्रकारको अहंकार र विभाजनको राजनीति घातक हुन्छ । त्यसैले अहिलेको आवश्यकता भनेको सबै वामपन्थी तथा लोकतान्त्रिक दलहरूले राष्ट्रहितलाई केन्द्रमा राखेर आफूलाई पुनःसमीक्षा गर्ने र एकताका साथ अहिले आइलागेको चुनौतीको सामना गर्न अघि सर्नु हो । कुनै पनि ठुलो लक्ष्य सामूहिक प्रयासले मात्रै हासिल गर्न सकिन्छ ।

**नेतृत्वको संकट**

अहिले देशमा नेतृत्वको गहिरो संकट देखापरेको छ । पुरानो पुस्ताले वैचारिक ऊर्जा गुमाइसकेका छन् मात्रै होइन कि बदनाम पनि भएका छन् । नयाँ (दोस्रो) पुस्ताले पनि त्यो जिम्मेवारी उठाउने आँट गरेको देखिराखिएको छैन । देशमा एउटा 'दिग्भ्रमित राजनीति'ले जन्म लिने अवस्था पैदा भएको छ जहाँ न अतीतको अनुभवको उपयोग गरेर अघि बढ्ने कोसिस भइरहेको छ, न भविष्यको दृष्टि निर्माण हुन सकिरहेको छ । यसले जनताको भरोसालाई कमजोर बनाउने काम गरेको छ । नेतृत्व संघर्षको, अग्रगमनको र समृद्धिको माध्यम हो तर यसले यो चरित्र गुमाइरहेको स्थिति छ ।

संसद्, पार्टी र आन्दोलन सबै ठाउँमा नैतिक शून्यता छाएको छ । सत्ता पाउनु नै एक मात्र उद्देश्य राख्दा सिद्धान्त, नीति र जनसेवा सबै गौण बन्न पुग्यो र जनतासँगको सम्बन्ध टुट्न गयो, र संकट परेको बेला समर्थनमा कोही आउन नसक्ने अवस्था बन्न गयो । हाम्रा राजनीतिक दलहरू 'संस्थागत संगठन' नभएर, 'नेताको निजी कम्पनी' जस्ता प्रतीत हुन्छन्, यसरी चल्दैन । अहिले हामी एउटा यस्तो मोडमा उभिन आइपुगेका छौं जहाँबाट सही राजनीतिक निर्णय लिनेबाहेक अन्यथा निर्णय लिने छुट छैन र सही राजनीतिक निर्णयबाट मात्रै भविष्यको दिशा निर्धारण हुनसक्छ ।

यदि अझै पनि खास गरेर वामपन्थीहरूले आत्ममूल्यांकन गरेनन् भने, आफूलाई करेक्सन गरेर अघि बढ्ने काम गरेनन भने, उनीहरूको व्यक्तिगत राजनीतिक अस्तित्व मात्रै नभएर सिंगो वाम आन्दोलनको भविष्य नै धराशायी हुनजाने खतरा छ । राजनीति केवल सत्ताको खेल मात्रै होइन, यो जनताप्रतिको प्रतिबद्धता हो भनेर बुझ्नुपर्छ । त्यसैले वामपन्थीहरू सबैले जनतासँग टुटेको सम्बन्धलाई पुनः जोड्न, आन्तरिक लोकतन्त्र बलियो बनाउन र धुमिल हुँदै गइरहेको नीतिमा स्पष्टता ल्याउन जरूरी छ ।

राजनीतिक रूपान्तरणको पहिलो चरण आत्मसुधार हो । नेताले आफ्नो गल्ती स्वीकार गरेर र सही बाटोमा फर्किन्छन् भने मात्रै जनतासँग टुटेको सम्पर्क जोडिने बाटो खुल्छ, जनताको विश्वास फर्कन सक्छ । निष्ठा, सदाचार, र पार दर्शिताको बाटोमा हिँड्न सकिएन भने देश जोगाउन सकिने छैन, नेपाली हामी कसरी हौँला नेपालै नरहे ।

*(साभारः सौर्य अनलाइन)*

# पर्यटकीय सिजनमा भरिभराउ गन्तव्य, प्रतिकूल मौसमले थप्यो चुनौती

काठमाडौं/नेपालमा आन्तरिक तथा वाह्य पर्यटकका लागि घुमफिरको मुख्य सिजन जारी छ । पर्वतारोहणका लागि कीर्तिमानी संख्यामा आरोहीले अनुमति लिएका छन् । सोहीकारण मुलुकका सबैजसो व्यस्त पर्यटकीय गन्तव्यमा पर्यटकको घुइँचो छ । यसै अवस्थामा मौसममा आएको परिवर्तनले भने देशैभरि पर्यटकीय गतिविधिमा चुनौति थपेको छ । यसले गन्तव्य जाने योजना बनाइरहेकाको यात्रामात्र रोकेको छैन, विभिन्न गन्तव्यमा पुगेका पर्यटकले सास्तीसमेत भोग्नुपरेको छ ।



मंगलबार मनाङ र मुस्ताङमा पर्यटकले अधिक समस्या भोग्नु पर्‍यो । अन्नपूर्ण पदयात्रा र सगरमाथा आधार शिविर पदयात्रामा यतिबेला हजारौं स्वदेशी तथा विदेशी पर्यटक पुगेका छन् । जल तथा मौसम विज्ञान विभागका अनुसार मनाङ र मुस्ताङमा भारी वर्षा भयो । पछिल्लो २४ घण्टामा मनाङको चामेमा ६४.४ मिलिमिटर वर्षा रेकर्ड भएको छ । मुस्ताङको जोमसोममा ५१.२ मिलिमिटर वर्षा रेकर्ड भएको छ ।

वर्षासँगै हिमपातका कारण त्यस भेगमा पुगेका हजारौं पर्यटकले सास्ती भोग्नु परेको छ । जिल्ला प्रहरी कार्यालय म्याग्दीले अन्नपूर्ण पदयात्रा शिविरतर्फको पदयात्रामा पूर्णरूपमा रोक लगाएको छ । मंगलबार सुरक्षाबलले मनाङ र मुस्ताङमा हिमपातले अवरुद्ध सडक खुलाउनेदेखि लेक लागेर बेहोस बनेका पर्यटकको उद्धारलाई समेत प्राथमिकता दिए ।

हिमाली जिल्लामा हिमपातमा फसेका ७ सय ५० पर्यटकको मंगलबारै उद्धार गरिएको छ । नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले ती पर्यटकको उद्धार गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ । गएरातिदेखि परेको हिउँका कारण मनाङको तिलिचो बेस क्याम्पमा अलपत्र ७ सय ५० पर्यटक उद्धार गरी डिस्याङ गाउँपालिका-९ स्थित खाङसार ल्याइएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले बताए ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ का अध्यक्ष प्रवेश गुरुङका अनुसार आज मुक्तिनाथ क्षेत्रमा भारी हिमपात भयो । जसले गर्दा त्यस भेगमा पुगेका यात्रु र उनीहरूका सवारीसाधन झर्न सक्ने अवस्था छैन । सोही अनुसार स्थानीय प्रशासनले यात्रा नगर्न सचेत गराएको समेत उनले जानकारी दिए ।

मंगलबार नेपालको बढी व्यस्त रहने सगरमाथा क्षेत्रमा समेत हिमपात र वर्षाले पर्यटकलाई सास्ती भयो । खुम्बु पासाङल्हामु गाउँपालिकाको दिङबोचे भन्दा माथिल्लो क्षेत्रमा आज हिमपात भयो । नाम्चेबजार र तल्लो क्षेत्रमा भने वर्षा भइरह्यो । सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाका अनुसार मंगलबार सबै पर्यटक जुन स्थानमा थिए, सोही स्थानको होटलमै बसे, बाहिर निस्कन सक्ने अवस्था रहेन । त्यस भेगमा करिब ३ हजार बढी विदेशी पर्यटक रहेको अनुमान गरिएको छ । सोमबार मात्र ८ सय विदेशी पर्यटक काठमाडौंबाट लुक्ला आएको समितिको भनाइ छ । जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुले पर्यटकलाई मौसम अनुकूल नभएसम्म यात्रामा ननिस्कन सचेत गराएको छ ।

### बोर्डले जारी गर्‍यो एडभाइजरी

हजारौं पर्यटक यात्रामै रहेका बेला मौसम प्रतिकूल बनेसँगै पछिल्लो अवस्थाबारे जानकारी गराउँदै नेपाल पर्यटन बोर्डले ट्राभल एडभाइजरी जारी गरेको छ । बोर्डले उच्च हिमाली र पहाडी क्षेत्रमा पर्वतारोहण, पदयात्रा र घुमफिरमा रहेका पर्यटकलाई सतर्क रहने भनेको छ । बोर्डले स्थानीय प्रशासन र गाइडसँग समन्वय गरी सुरक्षालाई प्राथमिकता दिनसमेत भनेको छ ।

मौसम सुधार नभएसम्म सुरक्षित रूपमा आश्रमस्थलमै रहन र कुनै कठिनाइ भए स्थानीय प्रशासन र पर्यटक प्रहरीलाई खबर गर्न नम्बर समेत सार्वजनिक गरेको छ । बोर्डले आतिथ्य सेवा दिइरहेकालाई सहुलियत मूल्यमा सेवा दिन समेत अनुरोध गरेको छ । मौसम विज्ञान विभागको आधिकाारिक सूचनाबाट नियमित सूचना दिन समेत भनेको छ ।

### मौसमको सूचना लिएरमात्र पदयात्रामा निस्कन पर्यटन विभाग र एनएमएको आह्वान

पर्यटन विभाग र नेपाल पर्वतारोहण संघ (एनएमए) ले समेत जल तथा मौसम विज्ञान विभागका आधिकारिक सूचनाका आधारमा मात्र पदयात्रामा निस्कन पर्यटकलाई सूचित गरेका छन् ।

मौसम विज्ञान विभागले १० देखि १२ कात्तिकसम्म नेपालका विभिन्न स्थानमा वर्षा र हिमपात हुने सम्भावना रहेको सूचना निकालेको थियो । विभागले पर्वतारोहण र पदयात्रामा रहेका स्वदेशी तथा विदेशी पर्यटक, पदयात्री र पर्वतारोहीलाई उच्च सतर्कता अपनाउन भनेको छ । त्यस्तै सुरक्षित स्थानमा रहन समेत सूचित गरिएको छ ।

पर्यटकलाई कुनै सहयोग र सहजीकरण आवश्यक परे स्थानीय सरकार, स्थानीय प्रशासन, पर्यटन विभाग र पर्यटक प्रहरीसँग सम्पर्क गर्नसमेत भनिएको छ । अनुकूल मौसमको सुनिश्चितता भएपछि मात्र पदयात्रा र पर्वतारोहण गर्नसमेत सूचित गरिएको छ । विभागले विशिष्ट परिस्थितिमा सहुलियतपूर्ण मूल्यमा गुणस्तरीय सेवा र आतिथ्य दिएर सहयोग गर्नसमेत आह्वान गरिएको छ ।

### प्रतिकूल मौसम अझै लम्बिने संकेत

अरब सागरमा विकसित मौसमी प्रणालीले गएरातिदेखि भइरहेको वर्षा/हिमपात बुधबारदेखि रोकिने र बिहीबार साँझदेखि बंगालको खाडीको चक्रवातको प्रभावले पुन: मौसम खराब हुने मौसमविद्रुले जनाएका छन् ।

यो प्रणालीले गत असोजमा बाढीपहिरोले बढी क्षति पुर्‍याएको इलाम सहित जिल्ला उच्च जोखिममा रहेको देखिएको छ । अरब सागरको प्रणालीको प्रभावले मुगु, डोल्पा, हुम्ला, जुम्ला, मनाङ, मुस्ताङ, म्याग्दी, रुकुम पूर्व लगायत जिल्लाका उच्च क्षेत्रमा भारी हिमपात भएको छ । काठमाडौं उपत्यका समेत बादल लागेर धुम्म भएको छ ।

मौसमविद् उज्ज्वल उपाध्यायका अनुसार हाल बंगालको खाडीमा विकसित 'मोन्था' चक्रवात प्रभावले बिहीबार साँझदेखि बागमती, मधेश र कोशी प्रदेशका जिल्लामा वर्षा तथा हिमपात हुने पूर्वानुमान छ । यसको प्रभाव गण्डकीको पूर्वी भागमा समेत पर्ने प्रक्षेपण छ ।

'मोन्था नामक चक्रवात आँधी १३ गते (बिहीबार) साँझ सोझै पर्सा, बारा, रौतहट, सर्लाहीको बाटो हुँदै नेपाल प्रवेश गर्ने देखिन्छ जसले तराईका यी जिल्लासहित बागमतीमा पनि धेरै वर्षा गराउने छ,' उपाध्यायले भने, 'उत्तरमा त्रिशूली र दक्षिणमा नारायणी नदीको पूर्व भाग बिहीबारको प्रणालीको इपिसेन्टर हो ।' यसको असर पूर्वमा बढी र पश्चिममा कम पर्ने देखिन्छ । बिहीबार साँझदेखि शुक्रबार मध्याह्नसम्म इलाम, धनकुटा, संखुवासभा, सोलुखुम्बु, तेह्रथुम, पाँचथर, खोटाङ र झापा जिल्ला उच्च जोखिममा पर्ने अनुमान छ । रोल्वालिङ, सगरमाथा, मकालु-बरुण क्षेत्रमा पनि बिहीबार र शुक्रबारसम्म पदयात्रा स्थगित गर्न ठिक हुने सुझाव पनि मौसमविद्ले दिएका छन् ।

पहिरो गइरहने राजमार्ग क्षेत्रमा पनि सतर्कता अपनाउनुपर्ने सुझाव मौसमविद्को छ । बिहीबार मध्याह्नदेखि बीपी राजमार्ग र पृथ्वी राजमार्ग तथा काठमाडौं-हेटौंडा जोड्ने कुनै पनि सडकमा यात्रा नगर्दा राम्रो हुने उपाध्यायको सुझाव छ ।

### यस्तो छ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको एडभाइजरी

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले थप एडभाइजरी जारी गरेको छ । १३ कात्तिक बिहीबारदेखि १५ कात्तिक शनिबारसम्म कोशी, मधेश र बागमती प्रदेशको मौसम प्रतिकूल हुने प्राधिकरणको सूचनामा उल्लेख छ ।

यो अवधिमा अत्यन्त जरुरी नभई सकेसम्म यात्रा नगर्न सूचित गरिएको छ । डुबान हुन सक्ने बस्तीका बासिन्दाले अग्लो र सुरक्षित स्थानबारे जानकारी लिन र आवश्यक पर्नासाथ सुरक्षित स्थानमा जान भनिएको छ । नदी किनारका बासिन्दा सतर्क रहन र जोखिम देखिए सुरक्षित स्थानमा रहने समेत सूचित गरिएको छ । धान तथा अन्य बाली नकाट्न र काटेको भए तत्काल भित्र्याउन भनिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'वरिष्ठ बलराम'ले ५ दिनमा २ करोड कमाएको निर्माताको दाबी




काठमाडौं/भाइटीकाको दिनदेखि प्रदर्शनमा आएको फिल्म 'वरिष्ठ बलराम'को ५ दिनको व्यापारिक आँकडा निर्माताले सार्वजनिक गरेका छन् । मंगलबार सार्वजनिक एक पोस्टरमा फिल्मको व्यापार २ करोड उल्लेख छ । तर, सरकारी निकाय चलचित्र विकास बोर्डले हालसम्म यो फिल्मको बक्स अफिस रिपोर्ट सार्वजनिक नगरेकाले यसको आधिकारिक तथ्यांक भने पुष्टि हुन बाँकी छ ।

फिल्मका निर्माता तथा वितरक आशिष एच. तामाङले ५ दिनको व्यापारबाट आफू सन्तुष्ट रहेको बताए । तिहार र छठको विदा सकिएपछि पनि फिल्मको अकुपेन्सी देशभर उत्साहजनक रहेको र कथावस्तुका कारण हलमा पारिवारिक दर्शकको चाप बढ्न थालेको उनको भनाइ छ । उनका अनुसार फिल्मको अकुपेन्सी राम्रो हुँदा केही हलले शो पनि बढाएका छन् ।

'वरिष्ठ बलराम'का मुख्य पात्र दयाहाङ राई र विजय बरालको स्क्रिन केमेस्ट्रीलाई दर्शकले विशेष मन पराएका छन् । फिल्मको कथा, संवाद, र गीत (न्याउली वनैमा) पनि उतिक्कै रुचाइएको छ । फिल्म हेर्ने प्राय:ले यसमा मनोरञ्जनसँगै सामाजिक सन्देश रहेको प्रतिक्रिया दिएका छन् । कतिपयले 'माटो सुहाउँदो कथा' भन्दै फिल्मको प्रशंसा गरेका छन् ।

सुरेन्द्र पौडेलको निर्देशनमा बनेको यो फिल्ममा दयाहाङ र विजयसहित समृद्धि अर्याल, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, प्रदीप कुमार चौधरी लगायतको अभिनय रहेको छ । यसमा निर्देशक पौडेल स्वयंको कथा तथा सम्पादन छ भने महेश दवाडीले पटकथा र संवाद तयार पारेका हुन् । फिल्मले दुई पात्र बीचको अस्तित्वको संघर्षलाई मुख्य कथावस्तु बनाएको छ ।

# फिल्म 'हिमालयन गोल्ड' निर्माण हुने, को-को छन् कलाकार ?

काठमाडौं/धिराज राजवंशीको लेखन तथा निर्देशनमा फिल्म 'हिमालयन गोल्ड' बन्ने भएको छ । मंगलबार काठमाडौंको कमलादीस्थित गणेश मन्दिरमा शुभमुहूर्त गर्दै फिल्म निर्माणको घोषणा गरियो । आगामी नोभेम्बर (मंसिर)देखि छायांकन सुरू हुने यो फिल्म हिमाली क्षेत्रको कथामा बन्न लागेको हो ।



छायाँलय फिल्म्स र ह्वाइट एलिफन्ट मोशन पिक्चरको सहकार्यमा निर्माण हुने फिल्ममा कर्मा, सुनील थापा, मेनुका प्रधान, परिक्षा लिम्बू, साजन थापा मगर, अङ्कित खड्का, सुनील तामाङ, तेन्जिङ ठाकुरी, सबिता अधिकारी, ऋषिकेश बस्याल लगायतको अभिनय रहनेछ । फिल्मले जीवन संघर्ष, साहस र आशाको कथा प्रस्तुत गर्ने जनाइएको छ ।

सन् १९९२ को पृष्ठभूमिमा तयार हुने फिल्ममा गाउँकी एक युवतीले यार्सागुम्बा संकलनका लागि हिमाल चढ्ने क्रममा निर्दयी लुटेरा समूहसँग सामना गर्नुपरेको कथा समेटिएको निर्देशक राजवंशीले बताए । उनका अनुसार फिल्ममा हिमालय क्षेत्रलाई केवल दृश्यका लागि मात्र नभई एक जीवित पात्रका रूपमा चित्रण गरिनेछ ।

यो फिल्मलाई नेपाली मुलका भारतीय छायाँकार वशिष्ठ प्रधानले खिच्नेछन् । उनीसँग 'कलंक', 'लस्ट स्टोरीज २', 'सस्पेक्ट', 'अद्भुत' जस्ता फिल्ममा सहायक छायाँकारको रूपमा काम गरेको अनुभव छ । एक दर्जनभन्दा बढी भारतीय विज्ञापन र म्यूजिक भिडियो छायांकन गरिसकेका प्रधानले पहिलो पटक फिचर फिल्म खिच्न लागेका हुन् ।

# सीमित म्यानपावर व्यवसायीलाई 'सिन्डिकेट' हुने गरी मलेसियाले तोक्यो १० मापदण्ड

काठमाडौं/मलेसिया सरकारले श्रमिक पठाउने देशका म्यानपावर कम्पनीका लागि १० वटा मापदण्ड तोकेको छ । मलेसियाले नेपाल, भारत, बंगलादेश, पाकिस्तान र म्यानमारका कम्पनीका लागि मापदण्ड तोकेको हो । ती मापदण्ड पूरा गरेका कम्पनीले पठाएका कामदार मात्रै लिने गरी मापदण्ड तय गरेको हो ।

मादपण्डका विषयमा मलेसियाको परराष्ट्र मन्त्रालयले क्वालालम्पुरस्थित नेपाली दूतावासलाई पत्राचार गरेर जानकारी गराएको छ । दूतावासले सोही अनुसार जानकारी नेपाल सरकारलाई गराएको छ । मलेसियाको मानव संसाधन मन्त्रालयले १५ नोभेम्बर २०२५ भित्र म्यानपावर कम्पनीहरूको विवरण पठाउन अनुरोध गरेको छ ।

त्यसरी तोकिएका मापदण्डमा इजाजतपत्र लिएको कम्तीमा पाँच वर्ष भएको हुनुपर्ने, विगत तीन वर्षमा ३ हजार श्रमिक पठाएको रेकर्ड हुनुपर्ने, कम्तीमा तीन देशमा श्रमिक पठाएको अनुभव हुनुपर्ने, कम्तीमा १० हजार वर्गफिट स्थायी कार्यालय रहेको र तीन वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्ने छ । त्यस्तै नैतिक पेसागत प्रमाणपत्र (गुड कन्डक्ट सर्टिफिकेट) तथा वैध इजाजतपत्र र कानुनी सञ्चालनको प्रमाणपत्र प्रस्तुत गर्नुपर्ने, अन्तर्राष्ट्रिय रोजगारदाताबाट पाँच लिखित प्रशंसापत्र (टेस्टिमोनियल) हासिल गरेको हुनुपर्ने, स्वप्रशिक्षण तथा मूल्यांकन केन्द्र चलाउने र आवास सुविधा सहितको व्यवस्था हुनुपर्ने मापदण्ड तोकेको हो ।

त्यहाँको मन्त्रालयले पाँच देशका दूतावासलाई एकै खालको पत्र पठाउँदै ती मापदण्ड पूरा गर्ने म्यानपावर कम्पनीको विवरण बुझाउन अनुरोध गरेको हो ।



'मलेसियाको परराष्ट्र मन्त्रालयले नेपाल सरकारलाई अनुरोध गर्दछ कि तोकिएका मापदण्ड पूरा गर्ने अनुमति प्राप्त निजी वैदेशिक रोजगार एजेन्सीहरूको सूची १५ नोभेम्बर २०२५ भित्र मानव संसाधन मन्त्रालयमा समीक्षा तथा छानबिनका लागि पठाइदिनुहोस्, अधुरा आवेदन वा मापदण्ड पूरा नगर्ने आवेदन विचार गरिने छैनन् भन्ने कुरा कृपया ध्यान दिनुहोस्,' पत्रमा छ, 'मन्त्रालय विश्वस्त छ कि यो नीतिले दुई देशबीचको रचनात्मक र नैतिक श्रम आप्रवासन अभ्यास सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने छ ।'

यसबारे श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आधिकारिक जानकारी भने आइसकेको छैन । परराष्ट्र मन्त्रालय मार्फत औपचारिक जानकारी आएपछि सोही अनुसार धारणा तय गरिने मन्त्रालयले जनाएको छ ।

मलेसियामा सिन्डिकेट लागु गराउन लामो समयदेखि नै सीमित म्यानपावर व्यवसायी लाग्दै आएका थिए । अहिले भने सरकार कमजोर तथा विभागीय मन्त्री नभएको अवस्थामा सिन्डिकेटधारीको बलमा यस्तो खालको मापदण्ड तय गरिएको अन्य व्यवसायीहरूको आरोप छ । मलेसियाले डेढ वर्षदेखि नेपाल सहित स्रोत देशबाट आंशिक रूपमा मात्रै कामदार लगिरहेको छ । पूर्णरूपमा खुला भइनसकेको अवस्थामा यस्तो खालको मापदण्ड तोकिएपछि म्यानपावर व्यवसायी त्रसित छन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले यो नेपालबाटै सिन्डिकेट लगाउन विगतदेखि नै लागिरहेकाहरूको चलखेलका आधारमा भएको दाबी गरे ।

नेपालमा विगतदेखि नै क्रियाशील रहेको सिन्डिकेटधारी समूहले तयार पारेको मापदण्ड अनुसार नै मलेसिया सरकारले मापदण्ड बनाएको भन्दै उनले त्यो कुनै पनि हालतमा मान्य नहुने बताए ।

'इजाजतपत्रहरूको क्राइटेरिया सहित नेपाल सरकारले आफ्नै क्राइटेरियामा लाइसेन्स दिएको छ, त्यसलाई कार्यान्वयन गराउने, त्यसलाई पारदर्शी नेपाल सरकारले बनाउने हो,' भण्डारीले भने, 'अर्को देशले नेपालका व्यवसायीको मापदण्ड तय गर्ने होइन, यसमा सर्टेन सिन्डिकेटवालाले मापदण्ड रेडिमेड बनाएका थिए, त्यो मापदण्डका आधारमा पठाइएको छ ।'

विगतमा बंगलादेशमा समेत यसरी नै सिन्डिकेट लगाइएको बताउँदै त्यसमा नेपाल सरकारले कडा रूपमा प्रतिवाद गर्नुपर्ने उनको भनाइ छ । यस्तो खालको सीमित व्यवसायीको हातमा गएको खण्डमा यसले ठूलो रूपमा पैसा हत्याउने, हुन्डीबाट पैसा जाने खतरा रहेको उनको भनाइ छ ।

यसले नेपाल सरकारलाई पनि ठूलो असर पर्ने उनले बताए । त्यस्तै सीमित एजेन्सीबाट मान्छे पठाउने भएपछि श्रमिकले धेरै शुल्क तिर्नुपर्ने बाध्यता आउने समेत बताए । 'सरकारले गम्भीर भएर हेर्नुपर्छ, अहिलेको सरकार भनेको ट्रान्जिसन सरकार छ, परराष्ट्र मन्त्रालय खाली छ, श्रम मन्त्रालय खाली छ, यही बेला साँठगाँठ गरेर केही मान्छेलाई प्रभावमा पारेर यो बल गर्न कोसिस गरिएको छ,' भण्डारीले भने, 'यसलाई स्ट्रङ्ली विरोध गर्नुपर्छ, कुनै पनि देशको कानुन होइन, तपाईंको देशको ऐन नियमभन्दा कुनै पनि देश नभए हाम्रो मान्छे जाँदैन, त्यसकारण यो कुरा स्ट्रङ्ली लिनुपर्छ ।'

मलेसियामा शून्य लागत र इथिकल प्रक्रिया मार्फत कामदार पठाउँदै आएका आकर्षण इन्टरनेसनलका सञ्चालक विष्णु केसीले सीमित व्यवसायीलाई मात्र फाइदा पुग्ने गरी अघि बढेको बताए । लामो समयदेखि मलेसियामा मात्रै शून्य लागत र इथिकल भर्ना प्रक्रिया मार्फत कामदार पठाउँदै आएकोमा मलेसिया सरकारले तोकेको मापदण्ड अनुसार पठाउन नपाउने देखिन्छ ।

'सीमित व्यवसायीले मात्र गर्न पाउने किसिमको बुद्धि हो, यदि नेपाल सरकारले त्यसलाई स्वीकृति दिएको खण्डमा गम्भीर समस्या उत्पन्न हुन्छ,' केसीले भने, 'अब सरकारको धारणा के हो भन्ने कुरा आयो, सरकारले पनि सीमित मान्छेले गर भन्दा भन्न नसक्ला, यो त सरकारको डिसिजनमा भर पर्‍यो ।'

करिब डेढ वर्षदेखि व्यवसाय बन्द रहेको अवस्थामा यस्तो निर्णय आउँदा धेरै व्यवसायी ठूलो समस्यामा पर्ने र विशेषगरी एउटै क्षेत्रमा मात्र काम गर्ने व्यवसायीलाई यसले झन् बढी असर पार्ने उनको भनाइ छ ।

### विगतदेखि मलेसियामा सिन्डिकेट प्रयास

मलेसियामा विगतदेखि नै सीमित म्यानपावर कम्पनी मार्फत कामदार पठाउने प्रयास गरिँदै आएको थियो । केही व्यवसायीले यसका लागि निकै चलखेल गर्दै आएको म्यानपावर व्यवसायीहरू नै बताउँछन् ।

सरकार कमजोर भएको अवस्था, विभागीय मन्त्रीसमेत नभएको अवस्था तथा परराष्ट्र मन्त्रालयमा समेत विभागीय मन्त्री नभएको अवस्थामा यस्तो खालको मापदण्ड अघि बढेको हो । यसले गर्दा श्रम मन्त्रालयका अधिकारीहरू समेत आश्चर्यचकित छन् । मन्त्रालयका अधिकारीहरूले विभागीय मन्त्री नभएको अवस्थामा यस्तो खालको मापदण्ड आउनु निकै चुनौतीको विषय रहेको बताए ।

'विगतदेखि नै मलेसियामा सिन्डिकेट लागु गर्ने गिरोह सक्रिय थियो, तत्कालीन मन्त्रीहरूको दबाबमा निर्णय रोकिएको थियो, मन्त्रालय पटक-पटक सिन्डिकेटको विपक्षमा छ,' मन्त्रालयका एक अधिकारीले भने, 'यस्तो निर्णय हुँदैन भनेर विज्ञप्ति समेत जारी गरिएको थियो, अहिले विभागीय मन्त्री नभएका बेला, कमजोर सरकार भएका बेला गिरोह बलियो देखियो ।'

*(स्रोत: अनलाइनखबर)*

# दशैं र तिहारका फिल्मको व्यापार: टपमा 'जेरी'

काठमाडौं/यो वर्षको दशैं र तिहारमा फिल्म रिलिजको चाप उच्च रह्यो । यी दुई पर्वलाई लक्षित गर्दै १५ दिनको अन्तरालमा सातवटा फिल्म प्रदर्शनमा आए । दशैंमा 'बलिदान', 'माइतीघर' र 'हरिबहादुरको जुत्ता'बीच प्रतिस्पर्धा हुँदा तिहारमा 'जेरी अन टप', 'वरिष्ठ बलराम', 'सोल्टिनी', र 'मैझारो' प्रदर्शन भए । तर, यी सात फिल्ममध्ये 'जेरी अन टप'ले मात्र बक्स अफिसमा बलियो उपस्थिति जनाएको छ ।




दशैंका तीन फिल्मले गत शनिबारसम्म लगभग १४ करोड कमाएका छन् । त्यसमा 'बलिदान'को ५ करोड ७ लाख, 'हरिबहादुरको जुत्ता'को ४ करोड ७० लाख र 'माइतीघर'को ४ करोड ११ लाख छ । चर्चाको हिसाबले यी फिल्मको व्यापार अपेक्षाभन्दा धेरै कम हो । यसपालि दशैंमा २५-३० करोड व्यापार हुनसक्ने अनुमान गरिएको थियो । तर, दशैंका फिल्मले लागत पनि उठाउन सकेनन् ।

बरू 'जेरी अन टप' तेस्रो साताको संघारमा आइपुग्दा सुपर हिटको बाटोमा देखिएको छ । गत शनिबारसम्म ६ करोड ५१ लाख कमाइ गरेको यो फिल्मले सोमबार ८ करोडको आँकडा नघाएको छ । फिल्मको व्यापारिक रफ्तार अझै आक्रामक रहेकाले 'जारी २' रिलिज अघिसम्म १२ करोडको आँकडा नाघ्न सक्ने देखिन्छ । फिल्मको विश्वव्यापी कमाइ भने १४ करोड पुगिसकेको बताइन्छ ।

'जेरी अन टप'ले बक्स अफिसमा आँधी ल्याउँदा तिहारको अवसरमा रिलिज भएका 'वरिष्ठ बलराम', 'सोल्टिनी' र 'मैझारो' ओझेलमा परेका छन् । यी तीन फिल्मले अपेक्षित व्यापार गर्न सकेका छैनन् । जसले गर्दा दशैं र तिहारमा रिलिज भएका फिल्महरूमध्ये 'जेरी अन टप' नै व्यापारमा 'टप' बनेको छ । यसले लामो समयदेखि कमजोर बनेको लभस्टोरी विधालाई पनि पुनर्जीवित गरेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# विषादि मिसिएको पानीले कुलेखानीको माछा उत्पादनमा ह्रास

अंजली थापा

हेटौंडा, ११ कात्तिक/ मकवानपुरको इन्द्रसरोबर गाउँपालिकामा रहेको कुलेखानी जलाशय (इन्द्रसरोवर) मा पछिल्लो वर्षमा माछाको तौलका साथै उत्पादन घट्दै गएको छ ।

मत्स्यविकास केन्द्र कुलेखानी र इन्द्रसरोवर मत्स्य व्यवसायी संघका अनुसार ताल वरपरका गाउँमा हुने व्यावसायिक तरकारी खेतीमा प्रयोग गरिने रासायनिक विषादि नै माछाको वृद्धिदर घट्नुको मुख्य कारण बनेको हो । करिब सात किलोमिटर लामो र ११ हजार १५६ घनमिटर क्षेत्रफलमा फैलिएको इन्द्रसरोवरमा हाल ४०० वटा केज (पिँजरा) राखेर प्रतिघनमिटर चार दशमलव पाँच किलोका दरले माछा उत्पादन भइरहेको इन्द्रसरोवर मत्स्य व्यवसायी संघका उपाध्यक्ष विकास बलामीले जानकारी दिए । पछिल्ला वर्षमा माछाको औसत तौल र संख्या दुवै घट्दो क्रममा रहेको संघले जनाएको छ ।



बलामीका अनुसार तरकारीखेतीमा प्रयोग गरिने कीटनाशक र रासायनिक मल बर्षातको समयमा खोलानाला हुँदै तालमा मिसिन्छ । 'यो विषादि मिसिएको पानी तालमा पुग्दा माछाको प्राकृतिक खाना 'माछाले खाने सुक्ष्म जीवहरु जसलाई प्लाङ्कटन भनिन्छ' र सूक्ष्म जीवमा असर पुग्छ, जसले गर्दा माछा पहिले जस्तो गतिमा बढ्दैनन् ।' उनले भने । विशेषगरी सिल्भर कार्प, बिगहेड र ग्रास कार्पजस्ता चिसो पानीमा हुर्कने जातका माछा बढी प्रभावित भएका छन् । यी माछा प्राकृतिकरुपमा पाइने हरियो शैवाल र साना जीवजन्तुमा भर पर्छन् ।

विषादिले माछाको प्राकृतिक आहाराको रुपमा प्रयोग हुने ती स्रोतहरु नष्ट गर्दा माछाको तौल र वृद्धि दुवैमा कमी आएको मत्स्य व्यवसायी संघका उपाध्यक्ष बलामीले उल्लेख गरे । उनका अनुसार संघले हाल ६५० परिवार लाई शेयर सदस्य बनाई माछा उत्पादन, बिक्री र लाभांश बाँडफाँटको व्यवस्था गरेको छ । यसै आम्दानीले विद्यालय सञ्चालनदेखि सामुदायिक पूर्वाधार मर्मतसम्म सहयोग पुग्ने गरेको छ । मत्स्य विकास केन्द्र कुलेखानीकी निमित्त प्रमुख मनिता पौडेलले विषादिका कारण माछाको तौल घट्नु गम्भीर विषय भएको बताउँदै यसको वैज्ञानिक अध्ययन सुरु गरिएको जानकारी दिइन् । 'हालै गरिएको परीक्षणमा पानीमा रासायनिक पदार्थको अंशको मात्रा सामान्यभन्दा माथि पाइएको छ, त्यसैले यसले माछाको वृद्धिदरमा असर पारेको हुनसक्छ', उनले भनिन् ।

निमित्त प्रमुख पौडेलका अनुसार केन्द्रले हाल सिल्भर कार्प, बिगहेड, कमन कार्प, ग्रास कार्प, रहु, नैनी, माहुर, टिलापिया, सहर र कत्ले जातका माछा उत्पादन गरी बिक्री गर्दै आएको छ । हरेकवर्ष भदौ महिनाको तेस्रो साता करिब दुई लाख भुरा माछा तालमा छाड्ने गरिएको उनले जानकारी दिइन् । उनका अनुसार कुलेखानीको माछा प्राय: स्थानीयस्तरमै खपत हुने भएकाले यसको गुणस्तर जोगाउन तालको पानीको स्वच्छता अत्यावश्यक छ । त्यसैले केन्द्रले विद्यालय र समुदायमा जलाशय संरक्षण र स्वस्थ्य मत्स्यपालनका तालिम सञ्चालन गर्दै आएको छ ।

प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र हेटौंडाका प्रमुख सरोज यादवले विषादिले माछाको प्राकृतिक खाना र शरीरमा क्षति पुग्ने भएकाले उत्पादन र तौलमा कमी आएको जानकारी दिए । 'विषादिले पानीको रासायनिक संरचना परिवर्तन गर्छन्, माछाको अण्डा फुट्ने दर घट्छ, आन्द्रा र गिल्समा क्षति पुग्छ', उनले भने, 'यदि विषादि मिश्रित पानी आइरहेको छ भने यसलाई नियन्त्रण गर्न जरुरी छ अन्यथा कुलेखानी तालको जैविक विविधता मात्र होइन, स्थानीय खानेपानी र पर्यटन अर्थतन्त्र पनि प्रभावित हुन सक्छ ।'

मत्स्यविकास केन्द्र र संघले ताल वरपरका किसानलाई जैविक मल र पर्यावरणमैत्री खेतीप्रणाली अपनाउन प्रोत्साहन गर्ने योजना बनाउन जरुरी रहेकामा केन्द्रका प्रमुख यादवले जोड दिए । साथै, तालमा मिसिने पानी शुद्धीकरण गर्ने प्रविधि पोखरी निर्माण भएमा समाधान हुने उनले उल्लेख गरे । मकवानपुरको उत्तर पहाडी क्षेत्रमा रहेको इन्द्रसरोवर रिजरभ्वायर विद्युत् उत्पादनको उद्देश्यले कुलेखानी खोलामा ड्याम बनाइ निर्माण गरिएको मानव निर्मित नेपालकै ठुला रिजरभ्वायरमध्ये एक हो । यसमा पानी जम्मा पार्नलाई पालुङ खोला, चित्लाङखोला, सेतीखोला, चखेल इनलेट, चल्खुखोला, ठाडोखोला र धस्कुखोला गरी जम्मा ७ वटा स्रोतहरु रहेका छन् ।

समुन्द्री सतहदेखि १५०० मिटर उचाइमा यो रिजरभ्वायर रहेको छ । पूर्णरुपमा रिजरभ्वायरमा पानी भरिएको समयमा २१६ हेक्टर र हिउँदमा ५५ हेक्टर पानी रहेको हुन्छ भने रिजरभ्वायरको औसत लम्बाइ ७ किमिर चौडाइ ५०० मिटरसम्म छ । वि.स. २०४१ सालदेखि २०४९ सालसम्म इन्द्रसरोवर मत्स्य विकास आयोजना नामबाट संचालित यस केन्द्र आ.व. २०४९/५० देखि तत्कालीन श्री ५ को सरकार, मत्स्य विकास केन्द्र, इन्द्रसरोवर, कुलेखानीको नामबाट संचालन हुदै आएको र आ.व. २०६०/६१ देखि रिजरभ्वायर मत्स्य विकास केन्द्र, कुलेखानी हुँदै वि.स. २०७५ सालदेखि बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको मातहतमा मत्स्य विकास केन्द्र, कुलेखानीको नामले सञ्चालन हुँदै आएको छ । हाल मत्स्य व्यवसायी संघमा ६ सय ८५ जना सेयर सदस्य रहेका छन् ।

# मकवानपुरमा २१ सरकारी कार्यालयमा क्षति, १३४ सवारी साधन जले



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा मकवानपुरमा २१ सरकारी कार्यालयहरूमा क्षति पुगेको छ भने १३४ वटा सवारी साधन जलेका छन् ।

जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क आन्दोलनका क्रममा अनुसार, १३ वटा जिल्लास्थित सैंघीय कार्यालय, ८ वटा प्रदेश अन्तर्गतका जिल्ला कार्यालय र २ वटा सार्वजनिक संस्थानमा तोडफोड तथा आगजनी भएको छ ।

मंगलबार जिल्ला प्रशासन कार्यालयमा भदौ २३ र २४ गतेका घटना छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की सहितको टोलीसँगको अन्तरक्रिया कार्यक्रममा सो जानकारी गराइएको हो ।

जिल्लामा रहेका १८ वटा सैंघीय कार्यालय, ६ वटा प्रदेश कार्यालय र एउटा सार्वजनिक संस्थानका गरी २५ कार्यालयको १३४ वटा सवारी साधनहरू जलाएको कार्यालयको विवरणमा उल्लेख छ । उक्त १३४ वटा सवारी साधनमा क्षति पुग्दा ४ करोड ८३ लाख ८४ हजार रुपैयाँभन्दा बढीको नोक्सानी भएको प्रारम्भिक विवरण रहेको छ ।

जिल्लाका कुल १३ वटा संघीय कार्यालयका भवनमा क्षति पुग्दा ४ करोड ९७ लाख ९ हजार रुपैयाँ बराबरको क्षति भएको छ भने प्रदेशका ६ कार्यालयमा क्षति पुग्दा २ करोड ७२ लाख २७ हजार रुपैयाँ बराबरको नोक्सानी भएको छ । आन्दोलनले २ वटा सार्वजनिक संस्थानका भवनमा पनि क्षति पुऱ्याउँदा ४ करोड ७३ लाख ९ हजार रुपैयाँ बराबरको नोक्सानी भएको छ । समग्रमा, ५ वटा सरकारी कार्यालयका भवनमा सामान्य, १४ आंशिक र २ वटामा पूर्ण क्षति पुग्दा १२ करोड ४२ लाख ४५ हजार रुपैयाँ बराबरको क्षति भएको छ ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले भदौ २३ गतेको आन्दोलन र २४ गते भएका आगजनी तथा लुटपाटका घटनालाई फरक प्रकृतिको भएको बताइन् । उनले तोडफोड र आगजनीमा संलग्नलाई कारबाही गर्न प्रशासन तयार रहे पनि माथिल्लो निकायबाट स्पष्ट निर्देशनको अभावमा अलमल भएको बताइन् । घटनालगत्तै प्रहरी कार्यालयहरूमा आक्रमण गर्नेहरूको पहिचान भइसकेको र कारबाही सुरु गर्न खोजिएको उनले बताइन् ।

'आन्दोलन गर्ने र आन्दोलनको नाममा क्षति गराउने वर्ग फरक छ । व्यक्तिगत प्रोफाइल र भिडियो फुटेज हेर्दा तोडफोडमा संलग्नहरू वास्तविक आन्दोलनकारी नभई विभिन्न आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरू देखिन्छन्,' उनले भनिन्, 'प्रहरीकै बयानका आधारमा हामीले दोषीहरूको खोजी कार्य सुरु गरेका थियौं । तर दुई-तीन दिनमै 'अहिले केही नगर्नू, राय प्राप्त भएपछि मात्र कारबाही गर्नू' भन्ने निर्देशन आयो । काठमाडौंमा पक्राउ परेका व्यक्तिसमेत छुटेपछि जिल्लामा पनि खोजी कार्य रोक्यौ । पछि फेरि 'फौजदारी कसुरमा कानुनबमोजिम अघि बढ्नु' भन्ने अर्को निर्देशन आए पनि पहिलेको निर्देशनले गर्दा कारबाही प्रक्रियामा अन्योल छाएको थियो । के गर्ने भन्नेमा केही स्पष्टता भए पनि कार्यान्वयन गर्न स्पष्ट निर्देशन हामीले पाएनौं ।'

सुरक्षा निकायलाई सोझो भाषामा आदेश आएमा मात्र काम गर्न अत्यन्तै सजिलो हुने उनको भनाइ छ । आयोगको स्थलगत भ्रमण र यथार्थ जानकारीपछि अब राज्यले गर्ने काम-कारबाहीमा थप स्पष्टता आउने र पीडितले न्याय पाउने आशा पलाएको उनले बताइन् । उनले आयोगको भ्रमणपछि गृह मन्त्रालयबाट यस्तै स्पष्ट निर्देशन आउने अपेक्षा व्यक्त गरिन् ।

# बागमती प्रदेशसभा सदस्यका स्वकीयहरुको तलबभत्ता रोकियो



साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ संघीय सरकारले सांसदहरुको स्वकीय सचिवको सुविधा कटौती गर्ने निर्णय गरेसँगै बागमती प्रदेशका सांसदहरुका स्वकीय सचिवको सुविधा पनि प्रभावित भएको छ । प्रदेश सरकारले यसबारे कुनै निर्णय नगर्दा प्रदेशसभा सदस्यका स्वकीय सचिवहरुको तलब भत्ता रोकिएको हो ।

संघीय सरकारले असोज ५ गते गरेको निर्णयमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेशप्रमुख र संघ तथा प्रदेश सरकारका मन्त्रीबाहेक अन्य राजनीतिक पदाधिकारीलाई स्वकीय सचिवको सुविधा खारेज गर्ने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता अपनाउन लिइएको यो निर्णयले प्रदेशसभा सदस्यका स्वकीयहरुको तलबभत्ता रोकिएको बागमती प्रदेशसभा सचिवालयका सचिव रामकुमार पौडेलले जानकारी दिए । प्रदेशसभा सचिवालयकाअनुसार प्रदेशसभा सदस्यका स्वकीय सचिवहरुले भदौ महिनासम्मको तलबभत्ता भने बुझिसकेका छन् तर, त्यसपछिको तलब भुक्तानी हुन सकेको छैन ।

सचिव पौडेलका अनुसार, प्रदेश सरकारले संघीय सरकारको निर्णय मान्ने वा नमान्ने भन्ने विषयमा कुनै निर्णय नगरेकाले असोजदेखिको तलबभत्ता निकासा हुन नसकेको हो । 'तलबभत्ता दिने वा नदिने भन्ने विषयमा प्रदेश सरकारले निर्णय गरेको अवस्था छैन ।

अहिले बजेट खर्च प्रणाली पनि चलेको छैन र अर्थ मन्त्रालयले खर्चको शीर्षकहरु रोकेको अवस्था हो,' सचिव पौडेलले भने, 'यो अवस्था बागमती प्रदेशमा मात्र नभई अन्य प्रदेशमा पनि देखिएको छ । अन्य प्रदेशमा पनि प्रदेशसभा सदस्यका स्वकीय सचिवहरुको तलब रोकिएको छ ।'

संघको निर्णय प्रदेश सरकारले मान्नैपर्ने बाध्यकारी व्यवस्था नभए पनि संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सम्बन्धी ऐनका प्रावधानहरु आकर्षित हुने उनले बताए । सचिव पौडेलले प्रदेश सरकारको निर्णयअनुसार नै सचिवालय अगाडि बढ्ने स्पष्ट पारे । बागमती प्रदेशसभामा ११० जना प्रदेशसभा सदस्य छन् । प्रदेशसभाका सदस्यहरुले अधिकृत सरहको सुविधा पाउने गरी एकजना स्वकीयसचिव राख्न पाउने कानुनी व्यवस्था छ ।

# जेनजी आन्दोलनका नाममा हिंसात्मक घटनालाई राजनीतिक रङ नदिन पीडितको माग

मकवानपुर/जेनजी आन्दोलनका क्रममा भएका हिंसात्मक घटनाका पीडितहरूले न्यायको माग गरेका छन् । जेनजी आन्दोलनका क्रममा भदौ २३ र २४ गते भएको घटना छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्की सहितको टोलीसँग मंगलबार अन्तर्क्रिया गर्दै पीडितहरूले आगजनी तथा लुटपाटमा संलग्नलाई गृह मन्त्रालयले नै संरक्षण गरिरहेको आरोप लगाए । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामा, बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ, संविधान सभा सदस्य अनन्त पौडेल, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, व्यवसायी अरुणराज सुमार्गी लगायतले भदौ २४ गतेको घटनालाई राजनीतिक आन्दोलन मान्न नसकिने बताए ।

अपराधीहरू खुलेआम घुमिरहँदा पनि प्रहरी प्रशासनले जाहेरी लिनसमेत अस्वीकार गरेको र गृह मन्त्रालयबाटै उनीहरूलाई संरक्षण भइरहेको उनीहरूको गुनासो छ । पूर्वमुख्यमन्त्री पौडेलले जेठ २३ गतेको आन्दोलन र २४ गते भएको हिंसात्मक घटनालाई एउटै डालोमा राख्न नहुने बताए । जेठ २३ गतेको आन्दोलनलाई आफूहरूले स्वीकार गरे पनि २४ गतेको घटना निन्दनीय अपराध भएको उनले प्रस्ट पारे ।

लुटपाट तथा आगजनीलाई राजनीतिक रङ दिएर अपराधीलाई उन्मुक्ति दिन खोजिएको भन्दै पूर्वमुख्यमन्त्री पौडेलले आक्रोश व्यक्त गरे । भदौ २४ गतेको घटनालाई राजनीतिक आन्दोलनको रूपमा हेर्ने हो भने अपराधीहरूले उन्मुक्ति पाउने र पीडितले न्याय नपाउने खतरा औंल्याए । '२३ गतेको आन्दोलनलाई हामीले पनि मानेका छौं, तर २४ गते भएको घटना आन्दोलन होइन । सुन, चाँदी, पैसाजस्ता बोक्न मिल्ने सबैथोक लुट्ने र बाँकी सामान जलाउने काम भएको छ । यसलाई विशुद्ध डकैती भन्नुपर्छ,' आयोगका प्रतिनिधिसँग पूर्वमुख्यमन्त्री पौडेलले भने । आफूहरू प्रजातन्त्रमा विश्वास गर्ने भएकाले अहिलेसम्म संयमित भएर बसेको तर राज्यले न्याय दिन नसके धैर्यको बाँध टुट्न सक्ने चेतावनी समेत उनले दिए । यस्तै असुरक्षा रहे आगामी फागुन २१ गतेका लागि तोकिएको चुनाव हुन नसक्ने उनको दाबी छ ।


'हामीले प्रतिशोधको बाटो लिएनौं किनभने त्यसले अराजकता बढाउँछ, तर कहिलेसम्म चुप लागेर बस्ने ? अब पनि न्यायको प्रक्रिया अघि बढेन भने कुनै पनि बेला विष्फोट हुन सक्छ,' पूर्वमुख्यमन्त्री पौडेलले भने, 'यस्तो आतंकको अवस्थामा न मतदाता भोट हाल्न जान्छन्, न त उम्मेदवार बन्न कोही तयार हुन्छ ।' हेटौंडा उपमहानगरपालिकाकी मेयर लामाले युवा पुस्ता (जेनजी) लाई देखाएर एउटा संगठित समूहले देशमा अराजकता मच्चाउन खोजेको आरोप लगाइन् ।

आन्दोलनमा तीन वटा समूह रहेको दाबी गर्दै उनले सुरुमा आएका जेनजी युवाहरूलाई आफूले सम्झाएको तर पछि आएको संगठित र विध्वंशकारी समूहले आगजनी तथा लुटपाट गरेको बताइन् । समयमै दोषीलाई कारबाही नगरिए देश गृहयुद्धमा फस्न सक्ने चेतावनीसमेत उनले दिइन् । संविधान सभा सदस्य पौडेलले आफ्नो घर आगजनी गरी ध्वस्त पारिएको घटनामा प्रहरीले हालसम्म पनि जाहेरी दर्ता नगरेको बताए । उनले घटनामा जेनजी जस्ता कुनै समूह नभई 'नितान्त अपराधी' संलग्न भएको बताए । 'राति पौने ८ बजे मेरो घर जल्यो, जलाइयो,' उनले भने, 'हारगुहार गरियो, न दमकल आयो, न प्रहरी आयो, न कुनै सुरक्षा आयो । सबै आफ्नै ज्यान बचाउनतिर लागे ।'

घटनाका बारेमा जाहेरी दिए पनि प्रहरी निरीह बनेको पौडेलले बताए । प्रहरीको यो निरीहता पछाडि राजनीतिक दबाब रहेको उनको आरोप छ । 'म संविधान बनाउने मान्छे हुँ । आज जुन संविधान अन्तर्गत प्रधानमन्त्री र सभामुख हुनुहुन्छ, त्यही संविधान अन्तर्गतका ऐन-कानुन निष्क्रिय भएका हुन् भने भन्दिनुस् । हामीले न्याय पाउनुपऱ्यो,' उनले भने । बागमती प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री श्रेष्ठले मुलुकमा कानुनी शासन स्थापना गरी दोषीलाई तत्काल कारबाही गर्न माग गरे ।

(स्रोत: रातोपाटी)

# 'मोन्था' चक्रवातले कोशी र मधेसमा भारी वर्षाको सम्भावना




साझाकुरा संवाददाता

हेटौंडा, ११ कात्तिक/ बंगालको खाडीमा विकसित भएको 'मोन्था' नामक समुन्द्री चक्रवात दुई दिनभित्र नेपाल प्रवेश गर्ने जल तथा मौसम विभागले जनाएको छ ।

हाल भारतको विशाख पटनम क्षेत्रमा रहेको मोन्था चक्रवात क्रमश: भारतको भूभाग हुँदै नेपालतिर प्रवेश गर्ने क्रममा रहेको जल तथा मौसम विभागका वाढी पूर्वानुमान शाखाप्रमुख विनोद पराजुलीले जानकारी दिएका छन् । यो प्रणालीले समुन्द्री क्षेत्रबाट ठूलो मात्रामा जलवाष्प बोकेर ल्याएकोले नेपालको विशेषगरी कोशी र मधेश प्रदेशमा भारी वर्षा हुने सम्भावना रहेको उनले बताए । यसको प्रभाव वागमती प्रदेश र कोशी प्रदेशका हिमाली क्षेत्रमा पनि फैलिनसक्ने सम्भावना रहेको उनको भनाई छ ।

उनकाअनुसार चक्रवातको प्रभाव बिहीवार (कात्तिक १३ गते दिउँसोदेखि १५ गते शनिवारदिउँसो) सम्म रहने पूर्वानुमान छ । यो अवधिमा हिमालीक्षेत्रमा भारी हिमपातको सम्भावना रहेको उनले जानकारी दिए । उनले हाल ठूला नदीहरुको वहाव सामान्य अवस्थामा भएपनि चक्रवातका कारण नदीका जलसतह उल्लेख्यरुपमा बढ्ने सम्भावना रहेको बताएका छन् । वागमती र कोशीजस्ता ठूला नदीमा ठूला बाढी आउने जोखिम रहेको उनको भनाई छ । यद्यपि नदी सतह शतर्कता तहसम्म पुग्नसक्ने भएकाले नदी तटीयक्षेत्रमा बसोवास गर्ने नागरिकलाई शतर्क रहन उनले आग्रह गरे ।

उनले मधेश र कोशी प्रदेशका पहाडी तथा चुरेक्षेत्र भएर बग्ने ससाना खोलानालामा भने तीब्रबहावको सम्भावना रहेको बताएका छन् । १३ गते रातिदेखि १५ गतेसम्म उच्च सतर्कता अपनाउन उनले आग्रह गरे । जल तथा मौसम विभाग प्रवक्ता विभूति पोखरेलले मंगलवार हिमाली तथा उच्चपहाडी क्षेत्रमा हिमपातको सम्भावना रहेको जानकारी दिए । हिमपातको कारण पर्वतारोहण तथा दैनिक जनजीवनमा पनि असर गर्ने उनको भनाई छ ।

उनले पश्चिमी वायु साथै अरब सागरमा बनेको न्युनचापीय प्रणालीको प्रभावले गर्दा मंगलवारको बदली देखिएको बताए । बुधवारदेखि विस्तारै यो सुधार हुँदै आउने उनको भनाई छ । विहीवारबाट भने फेरि चक्रवात 'मोन्था' सक्रिय हुने भएकोले नेपालको मौसम प्रभावित हुने उनले जानकारी दिए ।

# मौसमको सूचना लिएरमात्र पदयात्रा गर्न पर्यटन विभाग, बोर्ड र एनएमएको आह्वान

काठमाडौं/जल तथा मौसम विज्ञान विभागको आधिकारिक सूचनाका आधारमा मात्र पदयात्रामा निस्कन पर्यटन विभागले पर्यटकलाई सूचित गरेको छ । मौसम विज्ञान विभागले १० देखि १२ कात्तिकसम्म नेपालका विभिन्न स्थानमा वर्षा र हिमपात हुने सम्भावना रहेको सूचना निकालेको थियो । यति हुँदा पनि विभिन्न स्थानमा आन्तरिक तथा वाह्य पर्यटक प्रभावित भएको खबर सार्वजनिक भएका छन् ।

विभागले पर्वतारोहण र पदयात्रामा रहेका स्वदेशी तथा विदेशी पर्यटक, पदयात्री र पर्वतारोहीलाई उच्च सतर्कता अपनाउन भनेको छ । साथै, सुरक्षित स्थानमा रहन समेत सूचित गरिएको छ । पर्यटकलाई कुनै सहयोग र सहजीकरण आवश्यक परे स्थानीय सरकार, स्थानीय प्रशासन, पर्यटन विभाग र पर्यटक प्रहरीसँग सम्पर्क गर्न समेत भनिएको छ ।

अनुकूल मौसमको सुनिश्चितता भएपछि मात्र पदयात्रा र पर्वतारोहण गर्नसमेत सूचित गरिएको छ । विभागले विशिष्ट परिस्थितिमा सहुलियतपूर्ण मूल्यमा गुणस्तरीय सेवा र आतिथ्य दिएर सहयोग गर्न समेत आह्वान गरिएको छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना